# प्रभाव दैनिक

National Daily

वर्ष ११ | अंक १८५ | काठमाडौं | सोमबार, १२ कात्तिक २०८१ | Prabhab National Daily | Monday, October 28, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


# पुरानै लयमा ओली

## विपक्षीमाथि आक्रामक अभिव्यक्ति

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रायः आक्रामक अभिव्यक्ति दिने नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली पछिल्लोपटक मौन सुनिन्थे । अझ नेपाली कांग्रेससँग मिलेर सरकार बनाएपछि त झनै रक्षात्मक नै रहे । सत्ता समीकरणको हेरफेरमा पनि ओलीले मौनता साँध्दै आएका थिए ।

तर, सरकारको नेतृत्व सम्हालेको १०० दिनयता भने प्रधानमन्त्री ओली पुनः पुरानै लयमा देखिन थालेका छन् । कात्तिक लागेयता प्रधानमन्त्री प्रतिपक्षी दलहरूप्रति आक्रामक बन्दै आएका छन् । कात्तिक १ गते प्रहरी दिवसको अवसर पारी हेडक्वाटर पुगेका ओली नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालप्रति आक्रोशित सुनिए । 'सरकार नढल्नेमा सबैलाई ढुक्क रहन म आग्रह गर्छु । नेपालको राजनीति, अर्थतन्त्र परिवर्तनमा ठूलो योगदान दिने कांग्रेस र एमालेजस्ता पार्टी मिलेर अहिले सरकार चलाइरहेका छन् । सरकार लगभग दुईतिहाइको छ,' उनले भनेका थिए, 'यसमा सबैको हेक्का रहोस्, यो खरानीको डल्लो होइन । कांग्रेस र एमाले जसको इतिहास मुलुकको विकास गर्नेसँग जोडिएको छ ।'

सरकारको नेतृत्व गुमाएयता माओवादी अध्यक्ष दाहालले ओली नेतृत्वको सरकार ढल्ने दाबी गर्दै आएका छन् । कहिले एमाले, कहिले कांग्रेस हुँदै पछिल्लोपटक एमालेसँग सत्ता सहकार्य गरिरहेको दाहालको सत्ता गत असार मसान्तअघि गुमेको थियो । असार मसान्तयता नेपाली कांग्रेसको सहयोगमा ओली दुईतिहाइको प्रधानमन्त्री बनेका हुन् । त्यसो त यसअघि पनि तत्कालीन नेकपाकालमा ओली दुईतिहाइ नजिकको बहुमतसहित प्रधानमन्त्री थिए । पछि संसद् विघटन गरेसँगै नेकपा तीन टुक्रा भएको थियो भने कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बनेका थिए ।

शक्ति बढ्दै गएपछि ओली आक्रामक र आक्रोशित बन्ने गरेको राजनीतिक विश्लेषकहरू तर्क गर्छन् । पछिल्लो सरकारले १०० दिन पूरा गरेको अवसरमा सम्बोधन गर्दै ओलीले विपक्षी दललाई पुनः दुईतिहाइको धक्कु लगाउन भ्याए । 'सरकार अहिले ढल्छ, भरे ढल्छ, भोलि बिहानै ढल्छ भन्नेजस्ता अफवाह पनि फैलाउने गरिएको छ । यो काम गर्न नदिने उद्देश्यले चलाइएको हल्ला हो । कांग्रेस र एमालेजस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार ढल्ने दिवासपना कसैले नदेखे हुन्छ,' सम्बोधनमा ओलीले भनेका थिए ।

आइतबार पनि ओली विपक्षी दलप्रति आक्रामक सुनिए । नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठनले आइतबार आयोजना गरेको 'राष्ट्रिय सुरक्षा र विकासमा पूर्वसुरक्षाकर्मीहरूको भूमिका' विषयक विचार गोष्ठीमा ओली राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)प्रति आक्रामक सुनिएका हुन् । रास्वपा सभापति रवि लामिछाने हाल सहकारीको रकम अपचलन गरेको अभियोगमा हिरासतमा छन् । रास्वपाका कार्याकर्ता भने उनको रिहाइको माग गर्दै ओलीको आलोचनामा उत्रिएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

- सरकारको नेतृत्व सम्हालेको १०० दिनयता प्रधानमन्त्री ओली पुनः पुरानै लयमा फर्कँदै विपक्षीप्रति गालीगलौज
- दुईतिहाइको धक्कु लगाउँदै सरकार नढल्ने ओलीको दाबी
- रास्वपाको सडक आन्दोलनबाट न्यायालय प्रभावित हुन नहुने तर्क
- संसदीय छानबिन समितिको सुझाव सरकारले मानेको ओलीको प्रस्टोक्ति



यसलाई निकाल, यसलाई उकास भन्ने काम यो सरकारले गर्दैन । अदालत यस्ता हाहाहुहुबाट प्रभावित हुन हुन्न ।

■ **केपी शर्मा ओली**
प्रधानमन्त्री

## साफ महिला च्याम्पियनसिप

# भारतलाई हराउँदै नेपाल फाइनलमा



**काठमाडौं (प्रस)–** बलियो प्रतिद्वन्द्वी भारतलाई हराउँदै नेपाल साफ माहिला च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ । आइतबार साँझ सम्पन्न खेलमा नेपालले भारतलाई टाइब्रेकरमा ४-२ गोलले हराउँदै फाइनलमा स्थान बनाएको हो ।

निर्धारित समयमा दुवै टोलीले एक-एक गोलको बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा गएको थियो । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा दुवै टोलीले पहिलो हाफमा गोलरहित बराबरी खेलेका थिए । निर्धारित ४५ मिनेट तथा अतिरिक्त तीन मिनेटको समयमा पनि नेपाल र भारतले गोल गर्न सकेनन् । पहिलो हाफमा भारतले नेपालमाथि दबाब बनाइराख्दा नेपाल गोल गर्नबाट चुक्यो । नेपाल र भारत दुवैले केही उत्कृष्ट अवसर प्राप्त गरे पनि गोल गर्न भने सकेनन् ।

मध्यान्तरपछिको खेलमा नेपालकी रेखा पौडेलले रातो कार्ड पाएपछि मैदान छोड्नुपरेको छ । खेलको ५१औं मिनेटमा दोहोरो पहेँलो कार्ड पाएपछि उनले मैदान छोड्नुपरेको हो । त्यसपछि नेपाल १० खेलाडीमा सीमित बन्यो । रेखाले रातो कार्ड पाएपछि नेपाली दर्शकहरूले केहीबेर नाराबाजी गरेका थिए ।

(क्रमशः पृष्ठ ६ मा)

# ठूलो क्षतिमा धादिङका तत्कालीन सिडिओ र एसपी जिम्मेवार

■ जेबी योञ्जन

**काठमाडौं–** ३५ जनाको ज्यान जानेगरी धादिङको झ्याप्ले खोलामा पहिरोले बस र माइक्रो पुरिएको घटनामा त्यहाँको तत्कालीन प्रमुख जिल्ला अधिकारी (सिडिओ) राजेन्द्रदेव पाण्डे र प्रहरी उपरीक्षक (एसपी) गौतम केसी दोषी देखिएका छन् । उनीहरूबीचको आपसी मनमुटावका कारण समन्वय नहुँदा झ्याप्ले खोला घटना भएको छानबिन समितिको प्रारम्भिक निष्कर्ष छ ।

घटनाको छानबिन गर्न गठित समितिले दुई जनाबीच मनमुटाव भएपछि विपद् प्रतिकार्यमा समन्वय अभाव भएकै कारण झ्याप्ले खोला घटना भएको उल्लेख गर्दै उनीहरूलाई घटनामा जिम्मेवार ठहर गरेको हो । अविरल वर्षा हुनसक्ने भन्दै जल तथा मौसम पूर्वानुमान महाशाखाले



झ्याप्ले खोला घटना

नबनाएको छानबिनबाट देखिएको छ ।

'प्रजिअ र एसपीको मनमुटाव भएको तथ्य धादिङमा सर्वसाधारणलेसमेत थाहा पाउनेगरी रहेछ,' प्रहरी प्रधान कार्यालयले गठन गरेको छानबिन समितिका एक सदस्यले प्रभावसँग भने, 'मनमुटावका कारण मनसुन प्रतिकार्यबारे उनीहरूले छलफल र निर्णय गरेको देखिएन ।'

घटना असोज ११ र १२ मा अविरल वर्षासँगै झ्याप्ले खोलामा खसेको पहिरोका कारण भएको थियो । झ्याप्ले खोला धादिङको धुनिवेशी नगरपालिका-९ मा पर्छ । विपद् प्राधिकरणले धादिङ, काभ्रेसहित विभिन्न जिल्लामा साँझ र रातिको समयमा सवारी सञ्चालन नगर्न आग्रह गरेको थियो । यद्यपि, धादिङमा सञ्चालन भयो, र घटना भयो । यसपछि नागरिकस्तरबाट चर्को विरोध भयो ।

(क्रमशः पृष्ठ २ मा)

## सन्दर्भः वैदेशिक रोजगार

# घूस प्रकरणमा मुछिएपछि मन्त्रालय तानिए कार्यकारी निर्देशक उप्रेती

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीको जिम्मेवारी खोसेको छ । मन्त्रालयले कार्यकारी निर्देशक उप्रेतीमाथि कार्यसम्पादनमा प्रश्न उठाउँदै घूस प्रकरणमासमेत जोडेर जिम्मेवारीविहीन बनाएको हो । उप्रेतीलाई छानबिनका लागि भन्दै गत बिहीबार नै जिम्मेवारीबाट हटाएर मन्त्रालयमा तानिएको छ । यद्यपि उप्रेती मन्त्रालयमा हाजिर भएका छैनन् । मन्त्रालयले उप्रेतीमाथि छानबिन गर्न उपसचिव शारदा राउतको नेतृत्वमा समिति गठन गरिसकेको छ ।

उप्रेतीमाथि भूपाल विश्वकर्मा नाम भएका व्यक्तिलाई डेनमार्कको अवैतनिक श्रमदूत बनाइदिने आश्वासन दिएर २० लाख रूपैयाँ लिएको आरोप लागेको छ । उप्रेतीविरुद्ध श्रमबजारको नयाँ गन्तव्य खोज्ने नाममा श्रमदूत बनाइदिने भन्दै २० लाख रूपैयाँ घूस लिएको आरोपसहित मन्त्रिपरिषद्को कार्यालयमा उजुरी परेको स्रोतको दाबी छ । उप्रेतीविरुद्ध परेको उजुरीका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन आवश्यक प्रक्रिया बढाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पत्राचार गरेपछि जिम्मेवारीबाट निलम्बन गरी छानबिन प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ ।





डेनमार्कका लागि अवैतनिक श्रमदूत बनाइदिने भन्दै उप्रेतीले २० लाख रूपैयाँ लिएको र काम नबनेपछि पीडितले प्रमाणको रूपमा पैसा दिएको रसिदसहित प्रधानमन्त्री कार्यालयमा कारबाहीको माग गर्दै उजुरी दिएका कारण सम्बन्धीत मन्त्रालयमा आएको निर्देशनअनुसार 'एक्सन' लिएको मन्त्रालयका सहसचिव निश्चलनाथ पाण्डेले बताए । अर्को निर्णय नभएसम्म मन्त्रालयका सहसचिव जीवलाल भुसाललाई बोर्ड हेर्ने जिम्मेवारी दिइएको उनले जानकारी दिए ।

उप्रेतीमाथि घूस लिएको मात्र नभई अपारदर्शी कार्यसम्पादन तथा विवादास्पद निर्णयसमेत गरेको आरोप लगाइएको छ । उनीमाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पनि भ्रष्टाचारसम्बन्धी मुद्दा परेको र आवश्यक अनुसन्धानसमेत भइरहेको मन्त्रालय स्रोतले जनाएको छ । उप्रेतीले वैदेशिक रोजगार बोर्डमा अधिकृतस्तरको कर्मचारी नियुक्तिका लागि निजी ल्यापटपबाटै परीक्षा दिन लगाएर आफन्तलाई नियुक्ति दिएको आरोप छ । बोर्डले स्वीस हेल्भेटास (सामी परियोजना)को सहयोगमा पाँच जना अधिकृत नियुक्त गर्दा कर्मचारी छनोट प्रक्रिया अपारदर्शी ढंगले गरेको तथा पारिवारिक व्यक्तिलाई समेत नियुक्ति दिलाएको भन्दै उप्रेतीमाथि कारबाही गर्न मन्त्रालयलाई दबाब परेको बताइएको छ ।

मन्त्रालयका महत्त्वपूर्ण कार्यक्रममा जानकारीविना नै अनुपस्थित रहने, मन्त्रीले दिएको निर्देशन अटेर गर्ने, बोर्डको कार्यसम्पादनमा अपारदर्शी गतिविधि गर्ने र तोकिएको जिम्मेवारीसमेत पूरा गर्न नसकेको भन्दै मन्त्रालयले यसअघि नै उप्रेतीलाई स्पष्टीकरण सोधेको थियो । यसको जवाफ दिइसके पनि उप्रेतीको गतिविधिमा चित्त नबुझाएको मन्त्रालयले जिम्मेवारीमुक्त गर्ने उपयुक्त बहाना खोजिरहेको अवस्थामा घूस प्रकरणमा जोड्दै जिम्मेवारीबाट हटाएको बोर्डका एक कर्मचारीले बताए ।

(क्रमशः पृष्ठ २ मा)

# मृतकका परिवारलाई १० लाख दिने व्यवस्था कार्यान्वयनमा

**काठमाडौं (प्रस)–** सरकारले वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका मृतकका परिवारका लागि बढाएर दिने आर्थिक सहायतासम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याएको छ । कात्तिक ८ गते राजपत्रमा सूचना प्रकाशित गरी बढाएर १० लाख रूपैयाँ पुऱ्याइएको आर्थिक सहायता कार्यान्वयनमा आएको हो ।

यसअघि दिँदै आएको सात लाख रूपैयाँ आर्थिक सहायता बढाएर १० लाख पुऱ्याइएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार नियमावली २०६४ को छैटौं संशोधनमार्फत सहायता रकमलाई वृद्धि गरेको हो ।

यसअघि वैदेशिक रोजगार नियमावली २०६४ अनुसार तीन लाख रूपैयाँ दिने व्यवस्था गरिए पनि पछि संशोधन गरेर सात लाख दिने व्यवस्था गरिएको थियो । नियमावलीमा संशोधन भएर राजपत्रमा प्रकाशित भएसँगै अबदेखि वैदेशिक रोजगारीका क्रममा मृत्यु हुने कामदारका परिवारले १० लाख रूपैयाँभन्दा आर्थिक सहायता पाउने मन्त्रालयले जनाएको छ । नियमावलीअनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु भएमा मृतकको परिवार वा नजिकको हकवालाले आर्थिक सहायता प्राप्त गर्नसक्ने व्यवस्था छ ।




## पृष्ठ १ बाट क्रमशः

### पुरानै लयमा...

आफूलाई रास्वपाका कार्याकर्ताले गालीगलौच गरेको दाबी गर्दै ओलीले सहकारीको रकम अपचलन गरेकाले गाली गरेर केही नहुने तर्क गरे । 'खाने बेलामा आँखा नदेख्ने, खुर्सानी चपाएपछि पिरो हुँदैन ? खाने बेलामा नदेख्ने अनि अरुलाई गाली गर्ने ?,' ओलीले प्रश्न गरे ।

उनले रास्वपाको सडक आन्दोलनबाट न्यायालय प्रभावित हुन नहुने तर्क गरे । 'अदालत अगाडि गएर उफ्रेको छ । दबाब दिएको छ । कराएको छ । हाम्रो मान्छे छाड्देऊ भनेको भए हुन्थ्यो होला । अरुलाई तथानाम गाली गरेको छ । जथाभावी भनेका छन् । कोही चुनेका, कोही टिपेका माननीयहरू,' ओली थप आक्रोशित सुनिए, 'यसलाई निकाल, यसलाई उकास भन्ने काम यो सरकारले गर्दैन । अदालत यस्ता हाहाहुहुबाट प्रभावित हुन हुन्न ।'

सहकारी प्रकरणमा संसदीय समितिकै सुझाव सरकारले मानेकोसमेत ओलीको भनाइ थियो । 'संसदीय समिति नबनाउँ । छानबिन गर्ने निकायबाट गरौं भनेको मैले । समिति बनाउँ भन्ने उनीहरू नै हो । केही छैन बनाऔं भन्ने उनीहरू नै हो । समितिमा आफैं बसेर । समितिमा म त थिएन । अनि सबैको सर्वसम्मतिले फलानो फलानो चार जनाले संसदीय समितिले सरकारलाई बुझाउने,' ओलीले भने, 'अनि सरकारले फाइल लुकाउने त ? यो उफ्रने कुराको कुनै अर्थ छैन । बेकार हो ।'

'माओवादीको हतियार पड्किँदैन'

प्रधानमन्त्री ओलीले माओवादी केन्द्रका अध्यक्ष दाहाललक्षित भनाइ राख्दै माओवादीले केही गर्न नसक्ने दाबी गरे । 'हिजोमात्र एकजना कराउँदै थिए । हामीले हतियार बिसाएका छौं भनेर,' शनिबार माओवादी अध्यक्ष पुष्पकमल दाहालको भाषणप्रति इंगित गर्दै ओलीले भने, 'हामीले हतियार बिसाएकोमात्र हो । ख्याल रहोस्, चलाउन बिर्सेका छैनौं भनेर । उनीहरूले हतियार बुझाएको छैन । त्यो साँचो हो । सिंहदरबार कब्जा गर्दिन्छौं । बालुवाटार कब्जा गर्दिन्छौं । चुट्छौं, माछौं भन्ने ?'

माओवादीको हतियार नचल्ने अवस्थामा पुगिसकेको ओलीको ठोकुवा रह्यो । 'हतियार चलाउन बिर्सेका छैनौं भन्दैमा डराउनुपर्ने छैन । एक-दुई हजार उफ्रेर केही हुन्न,' प्रधानमन्त्री ओलीले भने, 'तिनीहरूको हतियारमा खाक्सी नलगाएको धेरै भइसक्यो । पुछपाछ नगरेको पनि धेरै भइसक्यो । माटोमुनि राखिएको हतियार चलाउँदा पड्किँदैन । त्यो उनीहरूले बुझ्ने हुन्छ । अहिले पनि हतियारको धम्की ?'

●●●

### ठूलो क्षतिमा...

विरोधकै कारण प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले प्रहरी मुख्यालयस्थित सुरक्षा सेवा व्यवस्थापन महाशाखामा कार्यरत वरिष्ठ प्रहरी उपरीक्षक सिद्धिविक्रम शाहको नेतृत्वमा छानबिन समिति गठन गरेका थिए । सोही समितिले गरेको छानबिनले झ्याप्ले खोला पहिरोले ३५ जनाको ज्यान जानेगरी पहिरोले माइक्रो र बस पुरिएको घटनामा सिडिओ पाण्डे र एसपी केसी जिम्मेवार देखाएको हो । यद्यपि, यससम्बन्धी प्रतिवेदन भने समितिले बुझाउन बाँकी छ । छानबिन अन्तिम चरणमा पुगेको एसएसपी शाहले बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले समेत नारायणगढ-मुग्लिन हुँदै नागढुंगासम्म सवारी चलाउन रोक लगाउन सूचना जारी गरेको थियो । तर, उक्त सडकखण्डमा अविरल वर्षाको समयमा पनि निर्वाध सवारी चलेको छानबिन समितिले जनाएको छ । समितिका अनुसार स्थानीय प्रशासनले झ्याप्ले खोला क्षेत्रमा बस्ने स्थानीय र होटल सञ्चालकलाई पनि पूर्वसूचना दिएको भेटिएन । खोला बढेपछि होटल सञ्चालकहरू आफैं त्यहाँबाट हिँडेका कारण थप दुर्घटना नभएको छानबिनबाट देखिएको छ ।

गोरखा र चितवनबाट आएका सवारीसाधन प्रहरीले नरोक्दा दुर्घटनामा परेको र अन्ततः ३५ जनाले ज्यान गुमाउनुपरेको समितिको निष्कर्ष छ । पहिरोले पुरिएकामध्ये एउटा बसमा २५ जना पुरुष नौ जना महिला र एक जना बालिकाले ज्यान गुमाएका थिए । पुरिएको ना ४ ख २२७० नम्बरको बस गोरखाबाट काठमाडौं आउँदै थियो । अर्को चितवनबाट काठमाडौं आउँदै गरेको बा २ ख १३४५ नम्बरको हायस र लु १ ज ४५७७ नम्बरको विंगर यात्रुसहित पुरिएका थिए ।

उक्त दुर्घटनापछि धादिङका प्रमुख जिल्ला अधिकारी फेरिए । त्यहाँ सुमन घिमिरे पठाइए । जिल्ला प्रहरी प्रमुखमा दीपेन्द्र शाहीलाई जिम्मेवारी दिइएको छ ।

एकै स्थानमा ३५ जना पुरिएको घटनाबारे छानबिनका लागि सरकारमाथि दबाब परेको थियो । अन्ततः सरकारले छानबिन समिति गठन गरेको हो । समितिले तत्कालीन धादिङका सिडिओ पाण्डे र प्रहरी उपरीक्षक केसीलाई जिम्मेवार ठहर गर्दै प्रतिवेदन तयारी गरिरहेको समितिका एक सदस्यले बताए ।

●●●

### घूस प्रकरणमा...

'घूस खाएको आरोप एउटा बहाना मात्रै हो, उहाँ (उप्रेती)लाई पहिल्यै हटाउन खोजिएको थियो, तर बलियो आधार नभएपछि मन्त्रालय पछि हटेको थियो । अहिले प्रमाण नै नपुग्ने घूसको कुरा उठाएर मन्त्रालय तानिएको छ, यसमा पनि मन्त्रालयलाई हात लागि शून्य हुन्छ, उहाँ बोर्डको जिम्मेवारीमा फर्किनुहुन्छ,' ती कर्मचारीले भने ।

उप्रेतीले पनि आफूलाई नियोजितरूपमा जिम्मेवारीबाट हटाउने उद्देश्यले आधारहीन आरोप लगाइएको बताए । 'ममाथि लगाइएको आरोपमा कुनै सत्यता र आधार छैन,' उनले भने, 'मलाई जिम्मेवारीबाट हटाउने दुषित मानसिकताकासाथ मन्त्रालयमा तानिएको हो, यो भन्दा बढी टीकाटिप्पणी गर्न चाहन्नँ ।' जिम्मेवारीपूर्वक बोर्डको कार्यसम्पादन गर्दागर्दै विनाआधार हटाइएका कारण यसमा कानुनी उपचारका लागि जाने आफ्नो तयारी रहेको उप्रेतीले बताए ।

## प्रधानसेनापतिसँग एनसिसी भ्रमण दलको शिष्टाचार भेट



**काठमाडौं (प्रस)–** प्रधानसेनापति अशोकराज सिग्देलसँग नेपाल भ्रमणमा रहेको भारतीय राष्ट्रिय क्याडेट कोर (एनसिसी)को भ्रमण दलले भेट गरेको छ । भारतीय सेनाका विङ कमान्डर पिआर पोनप्पाको नेतृत्वमा नेपाल भ्रमणमा रहेको १८ सदस्यीय टोलीले भेट गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

राष्ट्रिय सेवा दलको वार्षिक कार्यक्रमअन्तर्गत सञ्चालित युवा आदानप्रदान भ्रमणमा सहभागी हुन भारतीय टोली यही कात्तिक ५ गते यहाँ आएको हो । नेपाल भ्रमणमा रहेको भारतीय टोलीलाई लक्षित गरी सञ्चालन भएका विभिन्न कार्यक्रममा नेपालको राष्ट्रिय सेवा दलका छात्र/छात्राको समेत सहभागिता रहेको छ । वि.सं. २०२२ मा नेपालमा स्थापित राष्ट्रिय सेवा दलका तालिमरत छात्र/छात्राले पनि वि.सं. २०२६ बाट विभिन्न देशमा सञ्चालित तालिममा सहभागिता जनाउँदै आएको पनि निर्देशनालयले जनाएको छ । नेपालबाट राष्ट्रिय सेवा दलका छात्रछात्राले भारत, श्रीलंका, बंगलादेश, भुटान, मालदिभ्स, पाकिस्तान र सिंगापुरको भ्रमण गरिसकेको जानकारी दिइएको छ ।

नेपालमा हालसम्म ७४ हजार ४८० जना छात्र/छात्राले सिनियर तथा जुनियर डिभिजनमा रही राष्ट्रिय सेवा दलको तालिम प्राप्त गरिसकेको पनि निर्देशनालयले जनाएको छ । यस वर्षमात्रै सात हजार ७०४ छात्र/छात्रा उक्त तालिममा सहभागी छन् ।


### बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०७/१२

डिभिजन वन कार्यालय, सिन्धुलीमाढी सिन्धुलीको च.नं. ६७१ मिति २०८१/०७/०२ को वन पैदावारहरूको ब्यापारिक प्रयोजनको लागि बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका सालजातका गोलिया थान ४२ को ३८४.९२ क्यू.फी. काठ हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग व्यवसायीले यो सूचना दोस्रो पटक प्रकासित भएको मितिले १५औं दिनभित्र बोलपत्र खरीद गरी १६औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको ब्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ।

श्री मुडग्रे कैलाशपुर सामुदायिक वन उपभोक्ता समूह
तीनपाटन नपा.-६, सिन्धुली



नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०७/१२

यस कार्यालयमा २०६४/०६/११ मा दर्ता भएको प्रा.लि.नं. ४८४२६ को **ईमेज मेनपावर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०७/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ



### लिक्वीडेटरको कार्यालयको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७०/०८/०७ गते प्रा.लि.नं. ११७३०१/०७०/०७१ मा दर्ता भएको **आमा सरस्वती गीता देवी फिल्मस् प्रा.लि.**को २०८१।०७।११ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर प्रदिप कुमार यादव**
**इजाजत नं ४९४**
**ललितपुर म.न.पा-०३, ललितपुर**
**मोवाईल नं. ९८५१०८७३४३**



### साउदीमा रोजगार

कम्पनी : Raie AL-Asimah Establishment For Operation and Maintenance

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312628 | चलानी नं. ६०२२७११३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1500 | ५३,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

### युएईमा रोजगार

कम्पनी : Brilliant Building Maintenance LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/३० | LT. No. 312251 | चलानी नं. ६०२२७१८१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 11 | 10 | 900 | ३३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

N.B. INTERNATIONAL MENPOWER Pvt. Ltd.
Ratopul-9, Kathmandu Nepal, Contact: 9852677632, 9852034216, 9802034216, 9854033133, 9804984206
Email: n.bintarnationalmanpowerpvt.ltd@gmail.com, fishtaillopt@gmail.ccom, Web: nbinternationalmanpower.com.np
श्रम इजाजत नं. ४०२/०६०/६१

### साउदीमा रोजगार

कम्पनी : Nasser Abdullah Mohammed Al-Dhawayan farm

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312773 | चलानी नं. ६०२२७१८९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 2 | 0 | 1500 | ५३,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

### साउदीमा रोजगार

कम्पनी : SHURFAT CUZ CATERING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312752 | चलानी नं. ६०२२७१९०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

### कुवेतमा रोजगार

कम्पनी : TRIPLE AND MORE SPA SALON COMPANY FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति : २०८१/०४/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 307873 | चलानी नं. ६०२२२५७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/manicure Pedicure/nail Technician/hair | 0 | 7 | 150 | ६६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper/worker | 0 | 3 | 90 | ३९,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

### साउदीमा रोजगार

कम्पनी : The Precise Universe Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312769 | चलानी नं.६०२२७२०१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOLDEN CONSTRUCTION COMPANY FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312768 | चलानी नं.६०२२७२००

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ali Mohammed Hassan Al-Alwan Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312635 | चलानी नं.६०२२७२०२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver (Heavy Driver) | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम इजाजत नं. ४३५/०६०/०६१


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

सोमबार, १२ कात्तिक, २०८१

| | |
|---|---|
| **मेष** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **वृष** | मार्गदर्शन अनुचित लाग्नेछ । |
| **मिथुन** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| **कर्कट** | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **सिंह** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **कन्या** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| **तुला** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **वृश्चिक** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **धनु** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **मकर** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **कुम्भ** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| **मीन** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५र४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४र४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८र४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२र४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०र४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२र४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०र४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७र४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२र४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५र४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८र४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२र४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ कात्तिक, २०८१ (२८ अक्टोबर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.२४ | १३४.८४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.२४ | १७५.०२ |
| स्विस फ्रेन्क | १ को | १५४.७७ | १५५.४६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.९९ | ८९.३९ |
| क्यानाडियन डलर | १ को | ९६.९२ | ९७.३५ |
| सिङ्गापुर डलर | १ को | १०१.६५ | १०२.११ |
| जापानी येन | १० को | ८.८४ | ८.८८ |
| चिनियाँ युआन | १ को | १८.८४ | १८.९३ |
| साउदी अरब रियाल | १ को | ३५.७४ | ३५.९० |
| कतारी रियाल | १ को | ३६.८२ | ३६.९८ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५५ | ३६.७१ |
| मलेसियन रिङेट | १ को | ३०.९३ | ३१.०७ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५६ |
| हङकङ डलर | १ को | १७.२८ | १७.३५ |
| कुवेती दिनार | १ को | ४३८.२५ | ४४०.२१ |
| बहराइन दिनार | १ को | ३५६.०५ | ३५७.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# प्रविधिको विकाससँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले प्रविधिको विकाससँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै गएको बताएका छन् ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले आइतबार यहाँ आयोजना गरेको 'फौजदारी न्याय प्रणालीमा देखिएका चुनौती र सुधारका उपाय' विषयक कार्यशालामा प्रधानन्यायाधीश रावतले अपराध अनुसन्धानमा व्यावसायिक क्षमता विकास गर्नसके फौजदारी न्याय प्रणाली थप सुदृढ हुने विश्वास व्यक्त गरे । उनले प्रभावकारी फौजदारी न्याय प्रणालीको विकास गर्न अपराध अनुसन्धानमा नवीनताको विकास गर्न जरुरी रहेको पनि औंल्याए ।

न्याय प्रणालीलाई थप प्रभावकारी र छिटोछरितो बनाउन सरोकार राख्ने निकायबीचको समन्वय बढाउनुपर्ने आवश्यकता औंल्याउँदै प्रधानन्यायाधीश राउतले वैज्ञानिक, वस्तुनिष्ठ र प्रमाणका आधारमा अनुसन्धान गर्न जरुरी रहेको बताए । संविधान र कानुनको सिद्धान्तका आधारमा न्यायलाई नतिजामुखी बनाउन सफल अनुसन्धानले सहयोग गर्ने उल्लेख गर्दै उनले कार्यशालाबाट न्यायलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

महान्यायाधिवक्ता रमेश बडालले कतिपय अपराध अनुसन्धानका फाइल हेर्दा अनुसन्धान अपूरै रहेको देखिने गरेको भन्दै यसतर्फ अनुसन्धान अधिकृतहरूको ध्यानाकर्षण गराए । उनले कुनै पनि अपराधको अनुसन्धानमा बयानले मात्रै नपुग्नेमा जोड दिँदै उनले वस्तुनिष्ठ तथ्य, फिंगर प्रिन्ट वा त्यस्तै प्रमाण जरुरी हुने बताए । लागुऔषधका आरोपीमाथिको अनुसन्धानको उदाहरण दिँदै उनले त्यस्ता व्यक्तिको अनुसन्धानका लागि शरीरमा लागुऔषधको तत्त्व देखिएको प्रमाण आवश्यक हुनेतर्फ अनुसन्धान अधिकारीको ध्यानाकर्षण गराए ।

गृहसचिव गोकर्णमणि दुवाडीले कार्यशालाले फौजदारी न्यायप्रणाली सुधारका विषयमा महत्त्वपूर्ण निष्कर्ष निकाल्ने विश्वास गरिएको बताए । उनले राज्यका निकायप्रति नागरिकको विश्वास जगाउनु चुनौती खडा हुँदै गएको बताउँदै प्रविधिको विकाससँगै अपराधमा पनि नयाँ शैलीको प्रयोग हुन थालेकाले अनुसन्धानलाई थप प्रभावकारी बनाउन जरुरी रहेको उल्लेख गरे ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले कसुरको वैज्ञानिक र वस्तुनिष्ठ प्रमाणले स्वच्छ र निष्पक्ष न्याय प्रथान गर्ने बताउँदै सफल अनुसन्धानले नेपाल प्रहरीको शाख र गरिमा बढाउने उल्लेख गरे । उनले प्रमाणमुखी अनुसन्धानलाई प्रहरीले जोड दिएको पनि बताए । अझै पनि परम्परागत अपराधको बाहुल्यता रहेको जानकारी गराउँदै प्रहरी महानिरीक्षक कुँवरले परम्परागत अपराध अनुसन्धानका साथै आधुनिक अनुसन्धान प्रणालीलाई पनि सँगसँगै लगिएको बताए ।

# बार अध्यक्ष घिमिरेले पेस गरे लिखित जवाफ

**काठमाडौं (प्रस)–** नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले आफूविरुद्ध दर्ता भएको अदालतको अवहेलना मुद्दामा लिखित जवाफ पेस गर्दै आफ्नो अभिव्यक्तिबाट अदालतको अवहेलना गर्ने मनसाय नभएको बताएका छन् ।

न्यायाधीशद्वय कुमार रेग्मी र डा. कुमार चुडालको संयुक्त इजलासल यही कात्तिक १ गते अध्यक्ष घिमिरेविरुद्ध दर्ता भएको अदालतको अवहेलनासम्बन्धी मुद्दामा सूचना पाएको मितिले सात दिनभित्र आफैं वा आफ्नो कानुनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्न आदेश गरेको थियो ।

बार अध्यक्ष घिमिरेविरुद्ध सर्वोच्च अदालतका उपरजिस्ट्रार तथा सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेले अदालतको अवहेलनासम्बन्धी प्रतिवेदन पेस गरेका थिए । उक्त प्रतिवेदनमाथिको सुनुवाइपछि अदालतले कारण देखाऊ आदेश गर्दै लिखित जवाफ माग गरेको थियो ।

'बारका अध्यक्षले अदालतको जनआस्था अभिवृद्धिमा र स्वतन्त्र न्यायपालिकाको रक्षार्थ रक्षाकवचकै रूपमा अग्रपंक्तिमा रही सदा कार्य गर्दै आएको अवस्थामा अदालतको अवहेलना गर्ने कार्य गरेको भन्ने परिकल्पनासम्म पनि गर्न सकिँदैन,' लिखित जवाफमा भनिएको छ, 'न्याय परिषद्बाट हुने निर्णयले संविधानको भावना र आत्मा नमरोस् र न्यायिक जवाफदेहिताको सिद्धान्तलाई शिरोपर गरोस् भन्ने मेरो अभिप्राय हो, मेरो अभिव्यक्तिलाई गलत अर्थ नलगाइयोस् भन्ने मेरो आग्रह छ ।'

नेपाल बार हरहमेशा न्यायपालिकाको रक्षाकवच बनेर आफ्नो भूमिका निर्वाह गर्दै आएको स्मरण गराउँदै बार-बेन्च एकै रथका दुई पांग्रा भएको र एकले अर्काको अहित चिताई काम गर्छन् भन्ने कल्पना गर्न नसकिने लिखित जवाफमा उल्लेख छ ।

लिखित जवाफमा भनिएको छ, 'न्यायाधीश नियुक्ति स्वच्छ, निष्पक्ष र पारदर्शी हुनुपर्छ, यसले अदालतप्रति सारा नेपालीको जनआस्था अभिवृद्धि गर्नमा सहयोगी हुनुपर्दछ भन्ने मेरो सदाशयता रहेको छ ।'

बारको जायज सरोकारको बेवास्ता गर्दै सर्वोच्च अदालतमा रिक्त छ न्यायाधीशमध्ये दुई न्यायाधीशमात्र नियुक्ति सिफारिस गरेको विषयमा व्यापक जनसरोकार रहेकामा काठमाडौं जिल्ला अदालत बार एसोसिएसनको एक कार्यक्रममा बारको अध्यक्षको हैसियतले प्रमुख अतिथिका रूपमा राखेको धारणा र व्यक्त गरेको अभिव्यक्तिमा लेनदेन तथा हिसाबकिताब मिलाउन भनिएको विषय न्यायाधीश नियुक्तिमा विगतदेखिका विभिन्न खालका प्रभावको हिसाबकिताब र लेनदेनको सन्दर्भमा रहेको जनसरोकारको विषय उल्लेख गर्न खोजेको स्पष्ट पार्न चाहेकोसमेत उल्लेख छ ।

# कालीगण्डकीमा बन्यो पक्की पुल

**बलेवा (बागलुङ)–** कालीगण्डकी नदीमा पक्की पुल निर्माण भएपछि बागलुङ र पर्वतको दक्षिण क्षेत्रका सर्वसाधारणलाई आवागमनमा सहज भएको छ । गण्डकी प्रदेश सरकारको रणनीतिक सडक जोड्ने उक्त पुल बनाउन थालिएको करिब सात वर्षपछि निर्माण सम्पन्न भएको हो ।

पोखराबाट पर्वतको फलेबासहुँदै बागलुङको जैमिनीघाट र गलकोट जोड्ने रणनीतिक सडकअन्तर्गत कालीगण्डकी पुल तयार भएपछि सर्वसाधारण खुसी भएका छन् ।

कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग जोड्ने मार्ग तथा पोखराबाट गलकोट जाने वैकल्पिक मार्गका रूपमा यो सडक पाँच वर्षअघि सूचीकृत भएको थियो । पोखराबाट गलकोटसम्मको सडक तयार हुँदा कालीगण्डकी नदी वारपार गर्न बन्दै गरेको पुल सात वर्षपछि सम्पन्न भएको हो । निर्धारित समयमा काम सक्न प्राविधिक र भौगोलिक कारणकारक बन्दा पुल निर्माणमा ढिलाइ भएको निर्माण कम्पनीले जनाएको छ ।

रसुवा/श्री गीता/फेवा संयुक्त निर्माण कम्पनीले वि.सं. २०७३ असोज ९ गते सम्झौता गरेको ठेक्काको काम ढिलागरी सकिएको हो । उक्त पुलको पूर्वतर्फको खण्डमा सडकले जोड्न बाँकी छ । 'पहरो परेकाले झन्डै ५० मिटर सडक नयाँ बनाउनुपर्ने छ । यो सडक बनेपछि मंसिरभित्र मोटर गुड्ने छ,' ठेकेदार कम्पनीका प्रतिनिधि नीलकुमार राईले भने ।

पश्चिम किनारमा कालीगण्डकी करिढोर कालोपत्र हुँदै गरेको र पूर्वी किनारमा कुश्मा फलेबास सडक कालोपत्र भइसकेकाले यो पुल तत्कालै प्रयोगमा आउने उनले बताए । 'पुल निर्माण सकिएको छ । अब लिंक रोडको काम एक महिनामा सक्छौं,' राईले भने, 'भुक्तानीका लागि डिजाइन परिवर्तन भएको पत्र पाएका छैनौं ।' नदीमा पायल फाउन्डेसनविना पुलको पिलर ठडयाउन नसकेपछि सडक विभागले डिजाइन परिवर्तन गरेको थियो । सोहीअनुसारको भुक्तानी स्वीकृति नभएको बताउँदै डिजाइन परिवर्तन गर्नुपरेकाले तीन पटकसम्म म्याद थप्नुपरेको उनले जानकारी दिए ।

जैमनी नगरपालिका-१ जैमिनीधामबाट पर्वतको फलेवास नगरपालिकाको देवीस्थान जोड्ने १०० मिटर लामो मोटरबल पुल सम्पन्न भएपछि स्थानीयलाई आवागमनमा सहज हुने भएको छ । 'यो पुलले पोखरासम्म जाने नयाँ मार्गको ढोका खोलेको छ,' जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले भने, 'यहाँका बासिन्दालाई अब पोखरा जान करिब ३० किलोमिटर दूरी छोटो पर्छ ।' मध्यपहाडी लोकमार्गबाट करिडोर हुँदै पोखरा पुग्ने विकल्पका रूपमा यो मार्ग प्रयोगमा आउने उनले बताए । गत असारमा अन्तिम म्याद थप भए पनि मंसिरसम्ममा काम सकेर हस्तान्तरण हुनेगरी काम भइरहेको सडक डिभिजन कार्यालय बागलुङका डिभिजन प्रमुख हरिप्रसाद सुवेदीले जानकारी दिए । *रासस*

# सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क हुने

**काठमाडौं (प्रस)–** सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर रोगको उपचार निःशुल्क हुने भएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आइतबार मन्त्रीस्तरीय निर्णय गरेअनुसार कान्ति बाल अस्पताल काठमाडौं, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरमा निःशुल्क उपचार हुने भएको हो ।

आगामी मंसिर १ गतेबाट निर्णय लागू हुनेगरी व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्री पौडेलले पदबहाली गरेलगत्तै बालबालिकाको क्यान्सर उपचार सेवा निःशुल्क बनाउन पहल थालेका थिए । सरकारले हरेक व्यक्तिलाई उपचारका लागि दिने रकममा अपुग भए मन्त्रालयको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिने प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

नेपालमा हुने कूल मृत्युमध्ये ७१ प्रतिशत मृत्यु नसर्ने रोगका कारण हुने गरेको छ । त्यसमध्ये ११ प्रतिशतको क्यान्सरका कारण ज्यान जाने गरेको मन्त्रालयअन्तर्गतको इपिडिमियालोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा सार्वजनिक तथ्यांकमा उल्लेख छ । यहाँ सन् २०२२ मा २२ हजार नयाँ बिरामी देखिएकामा १४ हजारभन्दा बढीले ज्यान गुमाएको पाइएको छ । नेपालमा हरेक वर्ष करिब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको महाशाखाले जनाएको छ ।


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**रामेछाप अस्पताल**

**प्रयोगशालाको लागि डाईग्नोष्टिक किट तथा रिएजेन्ट (केमिकल) खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१/०७/१२

यस अस्पतालको आ.व २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार BOQ मा उल्लेखित डाईग्नोष्टिक किट तथा रिएजेन्ट (केमिकल) खरिद कार्य ईजाजत प्राप्त कम्पनी, फर्म तथा सप्लायर्सहरूबाट बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले निम्न शर्तहरूको अधिनमा रही बोलपत्र पेश गर्न हुन रितपुर्वक यो सूचना आह्वान गरिएको छ ।

१. यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३० औं दिन २०८१/०८/११ गते कार्यालय समय सम्म तपशिलमा उल्लेखित मूल्य तिरी (पछी फिर्ता नहुने) रू १० को टिकट टाँस गरी लिखित निवेदनको साथमा चालु आ.व को लागि नविकरण गरिएको ईजाजतपत्र, मु.अ कर दर्ता प्रमाणपत्र, संस्था दर्ता प्रमाण पत्र, आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्र वा उक्त प्रमाणपत्र नलिएको भएमा पौष मसान्त सम्मको म्याद थप गरिएको कर चुक्ता प्रमाण पत्र साथै कालोसुचिमा नपरेको स्व-घोषणा पत्रको प्रतिलिपि साथ यस अस्पतालको राजश्व खाता नं १०००२०००१०००० कार्यालय कोड नं ३७००१२४०१३ राजश्व शिर्षक संकेत नं १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) मा रू.३०००।- (अक्षरेपी तीन हजार मात्र) बैंक दाखिला गरेको सक्कलै बैंक भौचर पेश गरी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. रितपुर्वक खरिद भएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन २०८१/०८/१२ गते दिनको १२:०० बजे सम्म दर्ता गरी सक्नुपर्नेछ । सो बोलपत्र उक्त दिन दिनको २:०० बजे यस अस्पतालमा खोलिने छ । बोलपत्र खोल्दा कार्यालय प्रतिनिधि, साक्षि प्रतिनिधि तथा ठेकेदार वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि उक्त कार्य गर्न बाधा पर्ने छैन ।
३. बोलपत्रका साथ उल्लेखित जमानत (विडवन्ड) बापतको रकम रा.बा. वैंक रामेछाप/मन्थली शाखामा रहेको धरौटी खाता नं १६८०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बराबरको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको नेपाल भित्रको बाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० दिनको मान्य अवधी भएको शर्त रहित बैंक ग्यारेन्टीको सक्कल प्रति पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खरिद गर्दा पेश गरिने आवश्यक कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित (नोटरी) भएको हुनुपर्नेछ ।
५. यस अस्पतालको प्रयोगशालामा रहेका तपशिल स्पेशिफिकेशन बमोजिमका मेशिनहरूमा प्रयोग हुने मेशिन वाईज डाईग्नोष्टिक किट तथा रिएजेन्ट (केमिकल) सप्लाई तथा आपुर्ति गर्न सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा १ को खण्ड (ग) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ८५ (घ) बमोजिम खरिद गर्नु पर्ने भएकोले सम्बन्धित मेशिनहरूको उत्पादन कम्पनीको नेपाल स्थित आधिकारिक विक्रेता प्रमाण पत्र वा आधिकारिक एजेन्टको प्रमाण पत्र बोलपत्र साथ अनिवार्य रूपमा पेश गर्नुपर्नेछ । अन्यथा उक्त प्रमाण पत्रहरु बोलपत्रसाथ समावेश नभएमा उक्त बोलपत्र मूल्याकंनमा समावेश गरिने छैन ।
६. मेशिन वाईज डाईग्नोष्टिक किट तथा रिएजेन्ट (केमिकल) खरिद कार्यको लागि आधिकारिक विक्रेता वा आधिकारिक एजेन्टको प्रमाण पत्र अनुसार छुट्टा छुट्टै बोलपत्र स्वीकृत गर्न सकिनेछ । तल उल्लेखित मेशिनहरूको एउटै कम्पनी/फर्म/सप्लायर्स आधिकारिक विक्रेता वा आधिकारिक एजेन्ट भएमा तोकिएको धरौटी रकम एकमुष्ठ जोडजम्मा गरि बैंक दाखिला गर्न सकिनेछ वा छुट्टा छुट्टै आधिकारिक विक्रेता वा आधिकारिक एजेन्ट भएमा मेशिन वाईज धरौटी रकम बैंक दाखिला गरि सक्कलै भौचरर बैंक ग्यारेन्टि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
७. कुनै शर्त राखि म्याद नाघि आएको वा रित नपुगि आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । यस बोलपत्रको सूचनामा अभिन्न अंगको रूपमा मानिनेछ । यस सूचनाको विस्तृत विवरण बोलपत्रमा उल्लेख गरिएको छ ।
८. यस सूचनामा उल्लेख भएको हकमा सोहि बमोजिम र अन्य छुट भएका विषयहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहित तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
८. बोलपत्र सम्वन्धी कुनै कुरा बुझ्नु परेमा यस अस्पतालमा सम्पर्क गर्न सकिने छ । सम्पर्क नं ९८५४०२३११४/ ९८५१३३५९८९/ ९७६५२०३३८४/ ०४८४००११४
बोलपत्रको विवरण तपशिल बमोजिम रहेको छ ।

| क्र.सं | सूचना नं. | Particular | Model No. | Manufacturer | कामको विवरण | लागत अनुमान रकम (कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| ०१ | ०३-०८१/८२ | AUTOMATED CLINICAL CHEMISTRY ANALYZER | XL-200 | ERBA LACHEMA S.R.O. | डाईग्नोष्टिक किट तथा रिएजेन्ट (केमिकल) खरिद कार्य | १९२३०००/- | ५००००/- |
| ०२ | | CHEMILUMINESCENCE IMMUNOASSAY ANALYZER (CLIA) | iFlash 1200-A | SHENZHEN YHLO BIOTECH CO., LTD. | | १४२१०००/- | ३६०००/- |
| ०३ | | ICHROMA II | H900 | BODITECH MED INC. | | १४१०००/- | ४०००/- |
| ०४ | | COAGULATION ANALYZ-ER | ECL105 | ERBA MANNHEIM | | ३५२००/- | १०००/- |
| ०५ | | AUTOMATED HEMA-TOLOGY ANALYZER (5PARTS) | HEMAX530AL | B&E DIAGNOSTIC INC. | | ६२३०००/- | १६०००/- |
| ०६ | | ELECTROLYTE ANALYZ-ER | H900 HORRON | SHENZHEN XILAI-HENG MEDICAL ELECTRONICS CO., LTD | | २७९०००/- | ७०००/- |

नि.मे.शु.



**युएईमा रोजगार** कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312725 | चलानी नं. ६०२२७१८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 7 | 0 | 1200 | ४४,०३५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 30 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 3 | Concrete Masons | 25 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 4 | Insulation Worker | 10 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 5 | Painter | 25 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 6 | Painter Assistant / Buildings | 15 | 0 | 1000 | ३६,६९५ | | | | | | | |
| 7 | Scaffolder | 25 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 8 | Tile Layer | 10 | 0 | 1200 | ४४,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HR
**PREMIUM HUMAN RESOURCE**
Govt. License 1631/080/081 Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



**युएईमा रोजगार** कम्पनी : INDIA PALACE RESTAURANT LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312807 | चलानी नं. ६०२२७१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier Female | 0 | 20 | 1300 | ४७,७०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier Male | 20 | 0 | 1300 | ४७,७०५ | | | | | | | |
| 3 | Commi | 20 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 4 | Waiter | 20 | 0 | 1100 | ४०,३६५ | | | | | | | |
| 5 | Waitresses | 0 | 20 | 1200 | ४४,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
**राष्ट्रिय खेलकुद परिषद**
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

**मुलपानी अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला र एकेडेमी निर्माण आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन उपर सार्वजनिक सुनवाईको सूचना**

प्रकाशित मिति:२०८१/०७/१२

बागमती प्रदेश, काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिकामा, राष्ट्रिय खेलकुद परिषदद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | राष्ट्रिय खेलकुद परिषद, प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, फोन नं.०१-४२८१८७३,०१-४२५०६९९, पोस्ट बक्स नं.-२०९० ईमेल:nsc.ms.secretrist@gmail.com, वेबसाइट: www.nsc.gov.np | |
| प्रस्तावको व्यहोरा | स्वीकृत EIA | प्रस्तावित SEIA |
| | १५,००० जना क्षमताको सुविधा सम्पन्न अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र एकेडेमीको निर्माण | २१,०३४ जना क्षमताको सुविधा सम्पन्न अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र एकेडेमीको निर्माण |
| प्रभाव पर्ने जिल्ला/न.पा./वडा | बागमती प्रदेश, काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं.०६ | |

माथि उल्लेखित प्रस्तावको पूरक बातावरणीय प्रभाव मूल्याङ्कनको मस्यौदा प्रतिवेदन तयार गरिएको र बातावरण संरक्षण नियमावली,२०७७ परिच्छेद-२ को नियम (६) बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप निम्न लिखित मिति, समय तथा स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको व्यहोरा अनुरोध गर्दै सबै इच्छुक महानुभावहरुलाई उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई आफ्नो राय-सुझाव लिखित तथा मौखिक रुपमा दिनुहुनका लागि सबैमा हार्दिक अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**
मिति:२०८१/०७/२३ , समय: बिहानको ११ बजे
स्थान: कागेश्वरी मनोहरा नगरपालिका, वडा नं.०६, मुलपानी क्रिकेट मैदान परिसर

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **राष्ट्रिय खेलकुद परिषद** प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं फोन नं. ०१-४२८१८७३,०१-४२५०६९९ पोस्ट बक्स नं.-२०९०, ईमेल: nsc.ms.secretrist@gmail.com वेबसाइट: www.nsc.gov.np | **सोइल वाटर एण्ड एयर टेष्टिङ्ग ल्याबोरेटोरिज प्रा.लि.** थापागाउँ-१०, काठमाडौं फोन नं: ०१-५३४९४८०, ९८४१५५०४२५ ईमेल: swatlab2017@gmail.com वेबसाइट: www.swatlab.com.np |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बिजुलीको बक्यौता उठाउन अवरोध होइन सहजीकरण गर

नेपाल विद्युत् प्राधिकरण उद्योगीबाट बक्यौता उठाउन पुनः अग्रसर भएको छ । यहीबेला सरकार भने प्राधिकरणलाई सहजीकरण गर्नुको साटो व्यापारीको पक्षपोषणमा लागेर अप्ठ्यारो सिर्जना गर्नतिर लागेको छ । प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइनको महसुल बुझाउन दिएको समयसीमाभित्र उद्योगीहरूले महसुल नबुझाएपछि लाइन काटिदिएको छ । उद्योगीले राजनीतिक आडमा प्राधिकरणलाई अटेर गर्दै आएको छ । सरकार उद्योग बन्द हुने भए भन्दै 'इमोसन'सँग खेल्न खोजिरहेको छ ।

प्राधिकरणले यसपटक मात्र हैन, लाइन काटिदिएको । पटक–पटक ताकेता गर्दा पनि अटेर गरेपछि यसपटक लाल आयोगको प्रतिवेदनअनुसार बक्यौता रकम उठाउन कात्तिक ८ गते प्राधिकरणले लाइन काटिदिएको हो । प्राधिकरणका अनुसार लोडसेडिङको २८ महिना (०७२ माघदेखि ०७५ वैशाखसम्म) डेडिकेटेड लाइनबाट चौबीसै घण्टा विद्युत् प्रयोग गरेका ५७ उद्योगले थप दस्तुरसहित कूल आठ अर्ब चार करोड ७४ लाख रूपैयाँ प्रिमियम महसुल बुझाउन बाँकी छ । यो हिसाब गत साउन पहिलो सातासम्मको हो ।

पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा ०८० पुस २४ मा विद्युत् महसुल विवाद समाधान आयोग बनाएको थियो । उक्त आयोगले उद्योगीको बक्यौता महसुललाई तीन भागमा विभाजन गरेको थियो । यहीअनुसार गत असोज २४ गते प्राधिकरणले सूचना जारी गरी ४९ वटा उद्योगलाई कात्तिक ८ गतेसम्म बक्यौता महसुल बुझाउन ताकेता गरेको थियो ।

यही महसुललाई लिएर उद्योगी/व्यापारीहरूले प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारलाई पछिल्लोपटक पनि प्रभावमा पारेपछि प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई हटाउन लागिपरेको थियो । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र राजस्व अनुसन्धान विभाग लगाउनेसम्मको योजनामा सरकार पुगेको थियो । प्रधानमन्त्री ओलीकै पार्टी एमालेका सांसद ऋषिकेश पोखरेल सभापति रहेको सार्वजनिक लेखा समितिमार्फत भरसक यसको प्रयास भइरहेको थियो ।

तर, यस विषयको चर्को विरोध भयो । प्रधानमन्त्रीसँगै खटपट परेपछि प्राधिकरणका निर्देशक घिसिङले उद्योगमा काटिएका लाइन जोडिदिँदै गत असोज २४ गते सूचना जारी गरी बक्यौता प्रिमियम महसुल भुक्तानी गर्ने म्याद कात्तिक ८ गतेसम्म थपेको थियो । यसपटक भने ऊर्जामन्त्री दीपक खड्कामार्फत कुलमानलाई हटाउने चालमा प्रधानमन्त्री ओली लागिपरेको देखिन्छ । सरकारले कुशल नेतृत्वलाई हटाउने होइन, काम गर्न दिनुपर्छ । यस्ता अवस्थामा सरकारले उद्योग पनि बन्द नहुने र बक्यौता पनि तिर्न सकिने वातावरण बनाउनुपर्छ । बक्यौता बुझाउन बाँकी उद्योगको अवस्था के कसो हो ? तिर्न सकिने अवस्था के कसो हो ? नसकिने भए बन्द उद्योग बन्द गरिदिने, सक्ने भए ऋण दिएर भए पनि बक्यौता तिर्न सकिने व्यवस्था गर्न अध्ययन समिति बनाएर तुरुन्तै सहरीकरणको काम गर्नुपर्छ ।

## मननयोग्य

### चाणक्य नीति

जरासन्धपछिको पीढिले युगौयुगसम्म राज्यको शासन चलाए। जरासन्धीय इतिहासको अन्तिम शासक नियुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकले गरे र सुनिकका छोरा प्रद्योत मगधको सिहासनमा बसे। प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठतीस १३८) वर्ष (६४२ ई.पू. सम्म शासन गरे । शिशुनाम मगधको राजसिहासनमा बसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो। ई.पू. ५२८ अगाडि बिम्बिसारले मगधको सत्ताको सूप आफ्नो हातमा लिए। अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम बिम्बिसारले सुरु गरे । यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे। एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अकातफ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो । धार्मिक जड°ता र रुढिवादिताबाट ग्रसित त्यतिबेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो । यो नवजागरणको सन्देश भगवान् महावीर र तथागत बुद्धले फैलाएका थिए ।

राजसंघर्षका कारण रगत लतपतिदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सदभावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य बन्न पुग्यो । सत्य फैलिरहेको थिया-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए। भारतवर्षमा वीटा वैभवशाली सहर बन्नगयो 'मगध' अजातशत्रुने विज्यहरूसंगको युद्धकार्यका लागि पाटलीग्राम (पटना) मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए। त्यसै दिन बिहान भगवान् बुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे 'आनन्द उनीहरू को हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला बनाउदैछन् । • भगवान् बुद्धले भन्नुभयो 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ। भगवान बुद्धद्वारा भनिएको भयको बातावरणरूपी भविष्यवाणी सत्य सावित भयो । क्रमशः

# एआईले के मानिसजस्तै सोच्न सक्छ ?



■ डा. परशुराम दाहाल

> एआई र मानवको सिकाइमा समानता भए पनि तिनका आधार र प्रक्रिया एकदमै फरक छन् । मानिसको सिकाइ अनुभव, भावना र सामाजिक अन्तरक्रियामा आधारित हुन्छ, जबकि एआईले केबल तथ्य र गणितीय मोडेलहरू प्रयोग गरेर सिक्छ । भविष्यमा एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्वपूर्ण योगदान पुर्‍याउने छ । जिम्मेवार र सुरक्षित रूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउने छ । अन्ततः यस सहकार्यले सम्भावनाहरूको नयाँ ढोका खोल्दै समाजलाई दिगो प्रगतितर्फ अगाडि बढाउने छ ।

कृत्रिम बुद्धिमत्ता (एआई) भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो । यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पुर्‍याउँछ । उदाहरणका लागि, फोनमा 'सिरी' वा 'गुगल असिस्टेन्ट' लाई प्रश्न गर्दा तुरुन्तै सही उत्तर दिन्छ, जसले समय बचाउँछ र काम सरल बनाउँछ । एआई प्रणालीले तस्बिरहरू पनि चिन्न सक्छन्, जस्तै गुगल फोटोजले फोटोमा भएका साथीहरूलाई पहिचान गर्न सक्छ । स्वचालित गाडीहरू विनाड्राइभर आफैं बाटो फेला पारेर सुरक्षित रूपमा चल्न सक्छन् ।

त्यस्तै, नेटफ्लिक्सले हाम्रा हेर्ने बानीअनुसार फिल्म र शोहरू सिफारिस गर्छ, जसले हाम्रो मनोरञ्जन अनुभवलाई अझ रमाइलो बनाउँछ । एआईमार्फत अनलाइन पसलहरूले पनि तपाईंले खोजेका वा मन पराएका सामानहरू सुझाव गर्छन्, जस्तै अमेजनले नयाँ सामान सिफारिस गर्छ । बैंकिङमा एआईले ठगी पत्ता लगाउन मद्दत गर्छ र ग्राहकका प्रश्नहरू तुरुन्तै समाधान गर्न च्याटबोटहरू प्रयोग गरिन्छ । यस्ता सुविधाहरूले हाम्रो जीवनलाई सहज बनाउँछन्, तर यसको सही र सुरक्षित प्रयोगमा ध्यान दिन जरुरी छ ।

एआई र मानिसबीचको तुलना गर्दा दुवैको सिकाइमा केही समानता भए पनि गहिरो भिन्नता छन् । मानिसले आफ्ना अनुभव, भावना, र सामाजिक अन्तरक्रियाबाट ज्ञान आर्जन गर्छ । जबकि एआईजस्ता प्रणालीहरूले गणितीय मोडेल र डेटाको आधारमा सिक्छन् । उदाहरणका लागि बच्चाले बारम्बार अभ्यास गरेर हिँड्न सिक्छ र त्यो प्रयास उसको अनुभवको हिस्सामा रहन्छ । तर, एआईले उपलब्ध डेटाको विश्लेषण गरेरमात्र त्यसको पहिचान गर्छ र त्यसैको आधारमा उत्तर तयार गर्छ । च्याट जिपिटीजस्ता ठूला भाषा मोडेलहरूले पुस्तक, लेख र वेबसाइटहरूमा आधारित सामग्रीबाट ज्ञान सिक्छन् ।

मानिस र एआई दुवै पृष्ठपोषण (फिडब्याक) र अनुकूलनको माध्यमबाट सिक्दै जान्छन् । विद्यार्थीले शिक्षकबाट पाएको फिडब्याकअनुसार गल्तीहरू सुधार गरेर अर्को परीक्षामा राम्रो गर्ने प्रयास गर्छ । फुटबल खेलाडीले खेलका क्रममा गल्ती गरेपछि कोचको निर्देशनअनुसार आफ्नो खेल सुधार्छ । यस्तै, एआईले पनि प्रयोगकर्ताबाट प्राप्त फिडब्याकको आधारमा आफ्ना जवाफहरू सुधार्छ र नयाँ चुनौतीहरू सामना गर्न अनुकूल हुन्छ । उदाहरणका लागि, च्याट जिपिटीलाई गलत उत्तर दिएर सच्याउँदा, त्यसले फाइन-ट्युनिङमार्फत आगामी संवादमा ठीक जवाफ दिन प्रयास गर्छ ।

तर, एआई र मानिसबीचको महत्त्वपूर्ण भिन्नता भनेको भावनात्मक बुझाइको अभाव हो । मानिसहरूले दुःखद् अनुभव र संवेदनशील घटनाबाट शिक्षा लिन्छन् । उदाहरणका लागि, बच्चाले तातो स्टोभ छोएर हात जलाउँछ भने उसले त्यसबाट सिक्छ र भविष्यमा त्यस्तो गल्ती नगर्न सचेत हुन्छ । बजारमा महँगोमा सामान किनेर घाटा ब्यहोरेपछि व्यक्ति सौदाबाजी (बार्गेनिङ) गर्ने कला सिक्छ र अर्कोपटक सस्तोमा किन्न प्रयास गर्छ तर एआईले यस्तो भावनात्मक वा सामाजिक सन्दर्भहरू बुझ्न सक्दैन ।

हालको प्रविधिमा एआईलाई मानिससरह भावनात्मक बुझाइ दिन निकै जटिल चुनौती हो । मानिसको भावना र बुझाइ अनुभव, जैविक प्रक्रिया, र सामाजिक अन्तरक्रियामा आधारित हुन्छ, जुन अहिलेको एआईमा छैन । यद्यपि, वैज्ञानिकहरू र इन्जिनियरहरू 'आर्टिफिसियल इमोसनल इन्टिलिजेन्स' मा काम गरिरहेका छन्, जसले एआईलाई भावनाहरू अनुकरण गर्न र सामाजिक सन्दर्भहरू बुझ्न सक्षम बनाउन खोज्दै छ । तर, पूर्णरूपमा मानिसको जस्तै सचेतना र भावना विकास गर्नु गाह्रो छ, किनकि मानिसको भावना केवल तथ्य र नियमहरूमा आधारित हुँदैन, बरु स्मृति, अनुभव, र समाजसँगको अन्तरक्रियाको परिणाम हो ।

एआईमा कुनै सचेत अनुभव वा आत्मचेतना हुँदैन, किनकि यसको निर्णयहरू पूर्णरूपमा तथ्य र गणनामा आधारित हुन्छन् । उदाहरणका लागि, जब मानिस दुःखी हुन्छ, उसको व्यवहारमा परिवर्तन आउँछ र त्यो परिवर्तन अनुभव र सन्दर्भसँग गहिरो रूपमा सम्बन्धित हुन्छ । तर, एआईले केवल डेटामा आधारित अनुमान गरेर प्रतिक्रिया दिन्छ, जसमा वास्तविक भावना हुँदैन ।

मानिससरह भावनात्मक बुझाइ विकास गर्न एआईलाई सचेतना दिनुपर्ने छ, जुन अहिलेसम्म सम्भव छैन । मानिसको भावना केवल व्यक्तिगत अनुभवमा आधारित हुँदैन, बरु स्मृतिहरू र समयक्रममा भएका सामाजिक अन्तरक्रियाहरूले पनि आकार दिन्छ । यसैकारण एआईलाई पूर्णरूपमा मानिससरह बनाउनु चुनौतीपूर्ण मात्र होइन, सम्भवतः असम्भव पनि हुनसक्छ । अन्ततः एआई र मानिसबीचको यो भिन्नता सदैव रहन सक्छ । यद्यपि, एआईलाई पूरकका रूपमा प्रयोग गरेर मानिसको अनुभवलाई अझ प्रभावकारी बनाउन सकिन्छ । उदाहरणका लागि, एआईले मानसिक स्वास्थ्यसम्बन्धी समर्थन दिन वा मानिसको भावनात्मक अवस्थालाई बुझेर उपयुक्त सहायता दिन प्रयास गर्न सक्छ । तर, स्मृति र संवेदनाहरूको वास्तविक अनुभवविना एआई कहिल्यै पनि मानिससरह पूर्णरूपमा सोच्न र महसुस गर्न सक्षम हुने छैन ।

एआईको निर्णय प्रक्रियामा पनि सीमाहरू छन् । मानिसले निर्णय गर्दा वर्तमान सन्दर्भ, भावनात्मक अवस्था, र विगतको अनुभवलाई ध्यानमा राख्छ । उदाहरणका लागि, चालकले घुमाउरो सडक देखेपछि गाडीको गति घटाउँछ र सावधानी अपनाउँछ । यस्तै, विद्यार्थीले पछिल्लो परीक्षामा फेल भएपछि आफ्नो अध्ययन पद्धति परिवर्तन गरेर अर्कोपटक राम्रो नतिजा ल्याउन प्रयास गर्छ । तर, एआई मोडेलहरूले डेटाको विश्लेषण र गणनामा मात्र भर पर्छन् र संवेदनशील सन्दर्भलाई विचार गर्दैनन् ।

यद्यपि, एआई र मानवको सहकार्यले धेरै क्षेत्रहरूमा विशाल लाभ पुर्‍याउन सक्छ । उदाहरणका लागि, अस्पतालमा एआईले बिरामीको रिपोर्टहरूको विश्लेषण गरेर चिकित्सकलाई सही निर्णय लिन सहयोग पुर्‍याउँछ । शिक्षा क्षेत्रमा, व्यक्तिगत ट्युटरका रूपमा प्रयोग गर्दा एआईले विद्यार्थीहरूको अध्ययन पद्धति र कमजोर पक्षहरूलाई विश्लेषण गरी उनीहरूका लागि व्यक्तिगत अध्ययन योजना बनाउन मद्दत गर्न सक्छ । व्यवसायमा पनि एआईले पछिल्लो बजार ट्रेन्डहरू विश्लेषण गरेर कम्पनीहरूलाई रणनीतिक निर्णयहरू लिन सघाउँछ ।

तर, एआईलाई मानवको प्रतिस्थापन नगरी पूरकका रूपमा प्रयोग गर्नुपर्छ । उदाहरणका लागि चिकित्सकको काम एआईले पूरै प्रतिस्थापन गर्न सक्दैन, तर डेटाको विश्लेषण गरेर सही उपचार योजना तयार गर्न मद्दत गर्छ । यसरी एआईले मानिसको क्षमता बढाउन भूमिका खेल्छ, न कि उसलाई विस्थापित गर्न ।

निष्कर्षमा, एआई र मानवको सिकाइमा समानता भए पनि तिनका आधार र प्रक्रिया एकदमै फरक छन् । मानिसको सिकाइ अनुभव, भावना र सामाजिक अन्तरक्रियामा आधारित हुन्छ, जबकि एआईले केबल तथ्य र गणितीय मोडेलहरू प्रयोग गरेर सिक्छ । भविष्यमा एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्त्वपूर्ण योगदान पुर्‍याउने छ । जिम्मेवार र सुरक्षित रूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउने छ । अन्ततः यस सहकार्यले सम्भावनाहरूको नयाँ ढोका खोल्दै समाजलाई दिगो प्रगतितर्फ अगाडि बढाउने छ । *रासस*

*(लेखक हाल अमेरिकामा एआई विशेषज्ञका रूपमा कार्यरत छन्)*

## पुस्तक समीक्षा

# कवि र कविताका छवि दुर्गालाल श्रेष्ठ

**▸▸ राजु शाक्य / काठमाडौं**

लेखक आर. मानन्धरले स्नातकोत्तर अध्ययन गर्ने सिलसिलामा राष्ट्रिय प्रतिभा जनकवि दुर्गालालको व्यक्तित्व र उनको साहित्यिक योगदानमाथि शोध गरे र पछि त्यही शोधपत्रलाई पुस्तकाकार दिए । प्रस्तुत पुस्तकमा लेखक मानन्धरले जनकवि दुर्गालालको जन्म र जन्मघरदेखिका घतलाग्दा घटनाक्रमलाई एक-एक गर्दै उन्ने प्रयास गरेका छन् । गरिबी र विभेदविरुद्ध आजपर्यन्त कलम चलाइरहेका छन्, जनकविले ।

कवि दुर्गालालको सिर्जनामा निहीत उनकै निजी भोगाइ र संघर्षपूर्ण आरोहअवरोहमात्र हैन, त्यसबेलाको सामाजिक परिवेश र बेथितिलाई पनि लेखकले सक्दो उधिन्ने प्रयास प्रस्तुत पुस्तकमा गरेका छन् । गीत, कविता, गीतिनाटक लेखेर नथाकेका कवि दुर्गालालले जीवनको उत्तरार्धतिर 'फूलको आँखामा फूलै संसार' गीत पस्केर सम्यक दृष्टिबाट संसारलाई हेर्ने र सुधार आफैंदेखि थाल्ने सन्देश समाजलाई दिए र यही रचनाले उनलाई देशभित्र मात्रै हैन परदेशका नेपाली समुदायमाझ पनि एक लोकप्रिय कविका रूपमा प्रसिद्धि दिलाउन सक्यो ।


असन न्हाय्कँत्वाःको एक सानो घरमा १९९२ सालमा श्रेष्ठ दम्पतीको तेस्रो सन्तानका रूपमा कोमल हृदयका रुन्चे (ख्वबिलु) दुर्गालाल जन्मिए । साँघुरो गल्लीबाट छिर्नुपर्ने, घाम नपर्ने त्यस होचो घरभित्र बस्नेले दुर्गन्ध र लामखुट्टेको टोकाइ पनि सहनुपर्थ्यो । हातमुख जोर्ने समस्या हुँदाहुँदै पनि आफ्नै घरसँग सटिएको अर्को घर किन्ने जुन अवसर आएको थियो, त्यसलाई उपयोग गर्न केही रूपैयाँ ऋण लिँदा त्यही साहुको कपटले श्रेष्ठ दम्पती उल्टै बेघर हुन पुग्यो । घर नै त्यागेर हिँड्नुपर्ने नौबत आएपछि झ्यालबाट एक सानो सन्दुक झार्नु थियो । त्यही क्रममा एकाएक डोरी चुँडिएर सन्दुकले गर्भवतीका पेटमा थिचिन पुग्दाको चोटले असमयमै जन्मिन पुगेका रहेछन्, दुर्गालाल ।

आमाकै शब्दमा यो कारुणिक घटनाको नालीबेली सुनेका कवि दुर्गालालका मस्तिष्कमा साहुकारप्रतिको घृणा र आक्रोश भित्रैसम्म गढेर बसेको यो पुस्तक पढ्दा थाहा लाग्छ । यही विष्मयकारी घटनाको चित्रण गर्दै कविले आफ्नो हुर्काइमा मातृवात्सल्यमात्र हैन शोषण मोचनको तात्पर्य पनि लुकेको बताएर आफूभित्रको दमित विद्रोहलाई प्रकट गरेका छन् । त्यसो त लेखकले सोझोपनाको फाइदा उठाएर हुनेखानेले आफ्नै अपराधबाट बच्न निर्दोष बुबालाई अनाहकमा जेल जाकिदिएको घटनाप्रति पनि बुवाकै तस्बिर मुनि 'आफ्नो मनमा आगो छ' भनी मनभित्रको उकुसमुकुस पोखेर राखेको प्रसंगलाई पुस्तकमा समेटेर त्यसबेलाको विसंगतिपूर्ण समाजको झल्को दिएका छन्, जुन घटना कवि जन्मिनुअघिको थियो ।

नौ-दश वर्षकै उमेरदेखि उनले कविता लेख्न सुरु गरे । राति अँध्यारोमा चुरोटको बट्टामा शब्दहरू कोर्न थालेका उनले किशोरवयकै अवस्थामा 'प्रेम, जीवन र अन्धकार' नाटक लेखे । चियाएर पनि नाटक हेर्न नदिएको घटनाले रन्थनिएका दुर्गालालले जोसै जोसमा साथीभाइसामु नाटक लेख्ने जिम्मा लिएको घटनालाई लेखक मानन्धरले ११-१२ वर्ष उमेर हुँदा भएको भनेका छन् । टोलटोलमा डबली नाटक मञ्चन गर्ने होड चलेको त्यसताका उनी नाटक लेख्ने, खेल्ने र खेल्न सिकाउने काममै समर्पित भएर लागे । नाटक लेखनचाहिँ उनले नेपाल भाषामामात्रै लेखेको खुलासा लेखकले गरेका छन् । गीत र कविताका सशक्त कवि प्रतिभा विस्तारै गीतिनाटकतर्फ मोडियो । उनका बुद्धकालीन घटनामा आधारित 'निमन्त्रणा' जस्ता गीतिनाटक दर्शकले औधी रुचाएर २५ दिनसम्म लगातार चलेपछि दबाब दिएर बन्द गर्न लगाइएको त्यस बेलाको राज्यको वक्रदृष्टिलाई पनि लेखकले कोट्याउन खोजेका छन् ।

नेपाल भाषामा एकांकी नाटक लेखिदिनुपर्‍यो भनेर माग्न आउनेहरूलाई उनले लेखेर हैन मुखले ओकल्दै शब्द टिपाउँदोरहेछ भन्ने कुरा पढ्दा अहिलेको पुस्तालाई अपत्यारिलो लाग्न सक्छ । शिक्षण पेसाबाट परिवारको गुजारा चलाउने उनले प्रारम्भिक दिनमा बालबालिकासँग लहसिँदै बालगीत र बालकविताहरू लेख्न थाले । ती धेरैजसो ऋतुपर्वमा काठमाडौं उपत्यकामा गाइने गीतका लयमा रचिएका हुन्थे र पात्रहरू अनौठा हुन्थे, यसका दृष्टान्तमा लेखकले कतिपय पात्रलाई पनि उभ्याएका छन् । उनका बालगीतलाई विद्यार्थीले यत्ति धेरै मन पराए कि उनीहरूलाई ती गीत कण्ठस्थै हुन्थ्यो । यसबारेका रमाइला प्रसंग पुस्तकमा परेका छन् ।

छाउनीको दरबार कलेज पढ्दाताका नजिकैका खेतमा एक महिला किसानले नेपाल भाषामा गीत गाएको उनले सुने । आफ्नै शब्दको त्यो गीत सुनेर उनी दंगमात्र परेनन् आफैंप्रति ती महिला आकर्षित भएको ठान्न पुगे । प्रेम र विरहका धेरै गीत लेख्ने कवि दुर्गालालसामु उपस्थित हुने यस्तै-यस्तै संयोगले नै होला, त्यही खेतको एक छाप्रामा बसेर पहिलोचोटि उनले युगल गीत रचे । कविको लेखनीय प्रवीणतालाई उजिल्याउँदै लेखक मानन्धरले पुस्तकमा यस प्रसंगलाई अघि सारेका छन् ।




शिक्षक आन्दोलन होस् वा भाषा आन्दोलन, उनको सहभागिता टुट्दैनथ्यो । विरोधमा उत्रेकाहरूले थुप्रैपटक पक्राउ खानुपर्‍यो, प्रशासनका नजरबाट बच्न भागीभागी हिँड्नुपर्‍यो । पुस्तक पढ्दै जाँदा उनी आफूलाई एउटा उपेक्षित भाषाका लागि संघर्षरत आन्दोलनको एक सिपाही ठान्दोरहेछ र मातृभाषा अपहेलित हुँदा बेलाबेला रुँदोरहेछ भन्ने प्रसंगहरूले जनकविको वास्तविक व्यक्तित्व उजागर गर्न सकेका छन् । रेडियो नेपालबाट नेपाल भाषामा प्रसारण हुने 'जीवन दबू' कार्यक्रम २०२२ सालमा हठात् बन्द गरिएपछि त्यसका विरोधमा लहर उठ्यो । 'एक व्यक्ति पुज्नुमै' भनेर तत्कालीन शासकविरुद्ध औंला ठड्याउँदै कविता वाचन गर्दा प्रशासनको कोपभाजनमा परेका उनले एक महिनासम्म साँखुमा भूमिगत जीवन बिताएका रहेछन् । भाषिक दमनविरुद्ध रचिएको 'घाः जुया जक ख्वैगु खः झी स्याःगुलिं सः तैगु खः' भन्ने बोलको गीत त्यतिखेर हुने साहित्यिक जमघटमा व्यापकरूपमा गाइएको प्रसंग हामी पुस्तक पढेर थाहा पाउँछौं ।

सर्वोच्च अदालतले २०५६ सालमा स्थानीय निकायमा नेपालीबाहेक अन्य भाषा प्रयोग गर्न बन्देज लगाउँदै फैसला सुनाएपछि सो गीत एफएम रेडियोहरूबाट अत्यधिक मात्रामा प्रसारण भएको सन्दर्भलाई पनि लेखकले यहींनेर जोड्न खोजेका छन् । लोकतान्त्रिक व्यवस्थामै पनि अदालतबाट फेरि भाषिक अधिकार हनन भएको विडम्बनापूर्ण घटनाका विरोधमा फैसला सुनाइएको दिन ती समुदायले हरेक वर्ष कालो दिवस मनाइआएको धेरैलाई थाहा भएकै विषय हो । लेखकले ती दुवै घटनालाई एकै ठाउँमा राखेर हेर्न खोजेका छन् । आफ्नो भाषाको उन्नयनका लागि तनमनले समर्पित कवि दुर्गालालकै शब्दहरूलाई प्रस्तुत पुस्तकमा यसरी उद्धरण गरिएको छ, 'अरु भाषामा लेख्दा अभ्यासले मात्र म समर्थ हुन्छु तर मातृभाषा लेख्न बस्दा कलममा मेरो रगत बगेजस्तो अनुभव हुन्छ ।' त्यसो भएर भन्नैपर्ने हुन्छ, विशेषतः उनका नेपाल भाषाका सिर्जनाहरू आवेगमा हैन, यथार्थ धरातलमा टेकेरै लेखिएका छन् र त जीवित छन् ।

निरंकुशतामाथि तीखो प्रहार गर्दै जनजागृतिको विगुल फुक्ने उनी दरबारबाट दलमाथिको प्रतिबन्ध फुकुवा भएको भोलिपल्ट २०४६ साल चैत २७ गते टुँडिखेलमा कविता सुनाउन पुगे, आखिर उनी परिवर्तनको हिमायती हुन् नै । कोमल हृदयका कवि दुर्गालालले आँसुबाट आगो निकाल्ने मन्त्रणा कम्युनिस्ट नेताहरूबाट पाएको प्रसंग पुस्तकमा परेको छ । प्रगतिशील देखाउने होडमा जोसै जोसमा थुप्रै कविता लेखे पनि शब्दाडम्बरले ती रसहीन भएको भेउ धेरै पछि मात्रै पाएको कविको स्वीकारोक्ति पुस्तकमा भेटिन्छ । उनले लेखेको गीत २०१५ सालको चुनावमा कम्युनिस्ट नेता पुष्पलालको चुनावी गीत नै बनेको रहेछ ।

'भाषिक र जातीय विभेदका पीडा र आक्रोश पोखिएका रचना अन्य भाषामा अनुवाद नभएर पनि होला, उनका त्यस्ता रचनाबाट अन्य भाषाभाषी अपरिचित छन् तर, ती तिख्खर जातीय आवाज हुन् पीडित मनको अन्तरबाट प्रस्फुटित' भनेर मूल्यांकन गर्न चाहने लेखक मानन्धरले यसै अभावलाई ख्यालमा राख्दै लेखककै विशेष अनुरोधमा त्यस्ता केही रचना कवि स्वयंलाई अनुवाद गर्न लगाएर पुस्तकमा प्रस्तुत गर्ने प्रयास गरेका छन् जुन धेरै मानेमा सही जँच्छ ।

'आवाज थुनिए पनि भाषा थुनिन्न मार्ने कसको के तागत ?' भनेर हुँकार गर्ने उनी भने स्वच्छन्दवादी कविका रूपमा नेपाली समाजमा परिचित छन् । उनी गीतमा जमेका र गीतिनाटकमा निखेका कवि हुन् । उनले कविता कोर्नुलाई 'कुरेर बस्दा नआउने अनपेक्षित अप्रत्याशित रूपमा झुल्किने प्रेमिका'को संज्ञा दिएको पुस्तकमा पढ्न पाइन्छ । ८० नाघेपछि लेख्दै गर्दाको मसी गाढा भएको महसुस उनलाई भयो । यसो भनेर उनले आफ्नो सिर्जना अरू बढी छिप्पिएको सन्देश दिन खोजेका हुन् भनेर सहजै बुझ्न सकिन्छ । *रासस*

# 'खोकना क्षेत्रको समस्या समाधान भए काठमाडौं–तराई मधेस द्रुतमार्गको काम समयसीमाभित्रै सम्पन्न हुने'



■ अञ्जली थापा

**हेटौंडा–** काठमाडौं-तराई मधेस द्रुतमार्गअन्तर्गत मकवानपुरसँग सीमा क्षेत्र जोडिएको ललितपुरको प्याकेज नं ११ अन्तर्गत पर्ने खोकना-बुङ्मतीमा समस्या समाधान भए थप गरिएको समयसीमाभित्र नै द्रुतमार्गको काम सम्पन्न हुने नेपाली सेनाले जनाएको छ । प्रवक्ता सहायक रथी एवं सूचना अधिकारी गौरवकुमार केसीले विविध कारणले समस्या भएर समयसीमासभित्र सम्पन्न हुन नसकेको उक्त आयोजना अब भने थप समयमै सक्नेगरी काम भइरहेको बताए ।

उनले हाल ११ नं प्याकेज नै मुख्य चुनौती र समस्याका रूपमा रहेको बताए । 'हामीलाई काम अगाडि बढाउन खोकनाले समस्या भएको छ, समस्या समाधान नभएकाले ठेक्का र खरिद प्रक्रियामा जान सकिएको छैन,' प्रवक्ता केसीले भने, 'हुन त समस्या समाधानका लागि मन्त्रीज्यूकै संयोजकत्वमा समिति बनेको छ, यद्यपि स्थानीयदेखि सबैले यसमा सहयोग गरेर हामीलाई काम गर्नसक्ने वातावरण बनाइदिन जरुरी रहेको छ ।'

उनले रूख कटान र जग्गा अधिग्रहणसँग सम्बन्धित समस्या समाधान हुँदै गएको, प्रतिशतको आधारमा भौतिक र वित्तीय प्रगति थोरै देखिए पनि कामको स्थलगत प्रगति भने बढी रहेको उनको भनाइ छ। प्रवक्ता केसीले हालसम्म ३६.४२ प्रतिशत काम पूरा भएको र भुक्तानी समस्या समाधान तथा अन्य व्यवस्थापकीय काम भएमा एक वर्षभित्र सबै कार्य सम्पन्न गर्न सकिने बताए । उनका अनुसार प्याकेज नं ११ अन्तर्गत पर्ने खोकना-बुङ्मतीमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका साथै द्रुतमार्गको सुरु बिन्दु र सवारी आवागमन व्यवस्थापनको निर्णय बाँकी रहेकाले खरिद प्रक्रियासमेत हुनसकेको छैन ।

यद्यपि काठमाडौं-तराई-मधेस द्रुतमार्ग सडक आयोजनाको मोबिलाइजेसनसहित वित्तीय प्रगति भने ३८.५५ प्रतिशत रहेको जनाइएको छ। आयोजनाको समष्टिगत कार्ययोजनाअन्तर्गत रहेका १३ वटा निर्माण प्याकेजमध्ये हालसम्म प्याकेज नं १, २, ३, ४, ५, ६, ७, ८ क, ८ ख, ९ क, ९ ख र १० निर्माणाधीन तथा कार्यान्वयनको चरणमा रहेको छ ।

१०.३०९ किलोमिटरका छ वटा सुरुङमार्ग

आयोजनाअन्तर्गत छ वटा सुरुङमार्गको कूल लम्बाइ १०.३०९ किलोमिटर रहेको छ । नेपाली सेनाले सार्वजनिक गरेको तथ्यांकअनुसार सुरुङमार्गको प्याकेज नं १ अन्तर्गत महादेवटार सुरुङको दायाँ टनेलतर्फ तीन हजार ३५५ मिटर लम्बाइमध्ये दुई हजार २९ मिटर अर्थात् ६१ प्रतिशत खन्ने काम सम्पन्न भएको छ । बायाँ टनेलतर्फ तीन हजार ३८६ मिटरमध्ये दुई हजार २८८ मिटर अर्थात् ६८ प्रतिशत खन्ने काम सकिएको नेपाली सेनाले जनाएको छ ।

यसैगरी, प्याकेज नं २ अन्तर्गत धेद्रे सुरुङमार्गको बायाँ टनेलको एक हजार ६९१ मिटर लम्बाइमध्ये एक हजार ६४२ अर्थात् ९५ प्रतिशत र निजगढबाट काठमाडौंतर्फ जाने दायाँ टनेलको एक हजार ६५३ मिटर लामो सुरुङ ११ जेठमा छिचोलिएको थियो । प्याकेज नं ३ अन्तर्गत मकवानपुरको बकैया र गढी गाउँपालिकामा पर्ने लेनडाँडामा रहेका लामो जोडी सुरुङमध्ये निजगढबाट काठमाडौंतर्फ रहेको एक हजार ६१२ मिटर लामो सुरुङ असारमा र काठमाडौंबाट निजगढतर्फ जाने एक हजार ६३३ मिटर लामो सुरुङ जेठमा छिचोलिसकेको बताइएको छ ।

प्याकेज नं ४ अन्तर्गत एक हजार मिटर लामो देवीचौर सुरुङ र प्याकेज नं ५ अन्तर्गतको ३९० मिटर लामो सिसौटार सुरुङ निर्माणका लागि खरिद सम्झौता सम्पन्न भई डिजाइनका क्रममा रहेको नेपाली सेनाले जनाएको छ । यस्तै, प्याकेज नं. छ अन्तर्गतको दुई हजार २५० मिटर लामो चन्द्रामभीर सुरुङको पोर्टल तयारी कार्य भइरहेको बताइएको छ ।

### आयोजनाअन्तर्गत ८९ वटा पुल

आयोजनाका ८९ स्थानमा रहेका पुलमध्ये ८५ स्थानका पुल निर्माणका लागि खरिद सम्झौता सम्पन्न भएको नेपाली सेनाका प्रवक्ता केसीले बताएका छन् । हालसम्म मकवानपुरको राजदमार इलाकामा पाँचवटा पुलको निर्माण सम्पन्न भएको उनले जनाए । अन्य स्थानमा ८१ मिटरसम्म उचाइ रहेका विभिन्न प्रकृतिका पुलको संरचना निर्माण भइरहेको केसीको भनाइ छ ।

हाल निर्माणाधीन द्रुतमार्गको सब-बेस, बायो इन्जिनियरिङ, रोडका साइडमा पर्खाल लगाउने, सर्भिस रोड निर्माणलगायत कार्य जारी रहेको नेपाली सेनाले जनाएको छ । प्रस्थान बिन्दु खोकना र अन्तिम बिन्दु निजगढ रहेको आयोजनाको कूल लम्बाइ ७०.९७७ किलोमिटर रहेको छ । वि.सं. २०७४ मा चार वर्षभित्र कार्य सम्पन्न गर्नेगरी तत्कालीन सरकारले निर्माणको जिम्मा नेपाली सेनालाई दिएको थियो । तर, सो समयमा काम पूरा नभई २०८०/८१ सम्म सम्पन्न गर्ने लक्ष्य राखियो, यो समयमा पनि कार्य सम्पन्न नहुने अवस्था आएपछि २०८३ सालसम्मको म्याद थपिएको जनाइएको छ । *रासस*

# घट्टेखोलामा नवनिर्मित पुल उद्घाटन




**काभ्रे (प्रस)–** काभ्रेको भैंसेपाटी बाँसडोल-पनौती सडकस्थित घट्टेखोलामा नवनिर्मित पुलको उद्घाटन गरिएको छ । पूर्वराज्यमन्त्री एवं बागमती प्रदेशका सदस्य कञ्चनचन्द्र वादेले शनिबार एक समारोहबीच उक्त पुल उद्घाटन गरेका हुन् ।

कार्यक्रममा पूर्वाधार विकास कार्यालयका सिडिई राजु श्रेष्ठ, जिल्ला समन्वय समितिका अध्यक्ष दीपक गौतम, बनेपा नगरपालिका-१२ का वडाध्यक्ष रामबहादुर कुँवर, नेपाल सरकारका पूर्वसहसचिव देवकुमार तामाङ, समाजसेवी सूर्यमान तामाङ पाखिनलगायतले मन्तव्य राखेका थिए । बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

उक्त पुल २०८० भदौ ५ मा सुरु भई १० महिनामा निर्माण सम्पन्न भएको जानकारी दिइएको छ । प्रेमा कन्ट्रक्सनले एक करोड २९ लाख रूपैयाँ लागतमा पुल निर्माण गरेको जनाइएको छ । पुल निर्माण भएसँगै उक्त सडक खण्डमा सवारी सञ्चालनका सहज हुने सरोकारवालाहरूले बताएका छन् ।


**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Quality Research and Development Centre**
**Chakupat, Lalitpur**

## Cancellation & Re-invitation for EOI

**Notice No:04/081/82**
**Date of publication: 28th October, 2024**

Quality Research and Development Center cancels the Expression of interest (EOI) invited via notice no. 03/081/82 published on 22nd September 2024 due to ambiguities in the evaluation criteria. and reinvites the EOI for the Consultancy service for Geo-technical Investigation and Detail Design mitigation measure for roadside slope disaster management along on **Maldhunga Beni Road (3 landslides) under package DoR_QRDC/33701123/2081/82-03(re).** Interested eligible firms/JV are requested to submit EOI on or before 12:00, 12th November 2024 through www.bolpatra.gov.np/egp.

## Invitation for Bids

**DOGADAKEDAR RURAL MUNICIPALITY**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
Deulek, Baitadi
SudurpaschimProvince , Nepal
Date of publication: 2081/07/12

1. *DOGADAKEDAR RURAL MUNICIPALITY, Office of Municipal Executive Baitadi Executive invites electronic bids from eligible bidders for the various works under National Competitive Bidding procedures the name and identification of contract are as follows.*

| S.N | Contract Identification No. | Description of Works | Total Estimated Amount Without VAT & PS (NRs.) | Bid Security Amount (NRs) | Cost Of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | NCB/DKRM/ W-01/081/082 | Construction of Ward Office Building Dogadakedar-07 | 6,840,692.33 | 2,00,000.00 | 3000.00 |

2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dogadakedar Rural Municipality, Deulek, Baitadi. Email:dogadakedargaupalika@gmail.comor may visit PPMO website www.bolpatra.gov.np.*
3. *Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:*
   - ***Name of the Bank: Global IME Bank Dogadakedar Branch, Baitadi***
   - ***Account Name: GA.1.1 AANTARIK RAJASWO KHATA DOGADAKEDAR***
   - ***Deposit Account No. 14504010000007***
4. *Pre-bid meeting shall be held at Office of Municipal Executive **at 2081-08-02 16:30 hours***
5. *Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2081/08/12 (27 Nov 2024). Bids received after this deadline will be rejected.*
6. *The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2081/08/12 (27 Nov 2024) at the office of Dogadakedar Rural Municipality, Deulek, Baitadi Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, at **Dharauti Account No. : 14504010000004, Account Name GA.3 DHARAUTI KHATA DOGADAKEDAR** on behalf of Dogadakedar Rural Municipality, Office of the Rural Municipal Executive, Deulek Baitadi, at GlobalIME Bank ,Dogadakedar Branch Baitadi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days from the date of bid opening)*
7. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission*

**Belbari Municipality**
**Office of The Municipal Executive**
**Belbari, Morang**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Belbari Municipality, Morang**
**Invitation for Bids No.: BM/MOR/W/NCB-10-2081/082**
***Date of publication: 27-10-2024 13:00***

1. Belbari Municipality, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of SUKRAPATH MARGA DRAIN NIRMAN Phase 2 under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 5158798.59 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Belbari Municipality, Morang, Belbari, Morang, Belbari Municipality, Morang, Koshi Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   *Name of the Bank:* ***Rastriya Banijya Bank Ltd.***
   *Name of Office:* ***Belbari Municipality, Morang***
   *Office Code no:* ***801011304***
   *Office Account no:* ***2430100301010002***
   *Rajaswa (revenue) Shirshak no.:* ***14229***
4. Pre-bid meeting shall be held at Belbari Municipality, Morang Belbari, Morang at 17-11-2024 12:00 hours.
5. electronic bids must be submitted to the office Belbari Municipality, Morang, Belbari, Morang, Belbari Municipality, Morang, Koshi Pradesh, Nepal by through PPMO website www.bolpatra.gov.np/egp on or before 26-11-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-11-2024 14:00 at the office of Belbari Municipality, Morang
   Belbari, Morang. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 105000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# प्रभाव दैनिक





## 'आउन फर्की बोल' गीतको भिडियो सार्वजनिक

'आउन फर्की बोल'को गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । वृजेश श्रेष्ठको रचना तथा विवेक महर्जनको निर्देशनमा तयार गीतको भिडियो सार्वजनिक भएको हो । गीतमा उन्नत उप्रेती, श्वेता मिश्र र क्रान्ति शाहको अभिनय रहेको छ । एउटा केटाले एउटी केटीको लागि कसरी प्रेम दर्शाउँछ र केटीले केटाप्रतिको आकर्षण बढाउँदाबढाउँदै कोही दोस्रो व्यक्ति उनीहरूको प्रेममा लगाएको गिद्दे नजरलाई गीतमा प्रस्तुत गरिएको छ ।





# 'कर्मचारी दर्पण' लोकार्पण

■ प्रभाव संवाददाता



**गण्डकी–** कर्मचारी मिलन केन्द्र कास्कीद्वारा प्रकाशित 'कर्मचारी दर्पण २०८१' अंक-३ आइतबार पोखरामा लोकार्पण गरिएको छ । पुस्तकको एक कार्यक्रमकाबीच गण्डकी प्रदेशका प्रमुख सचिव रघुराम विष्ट र जिल्ला न्यायाधीश नवराज दाहालले संयुक्तरूपमा लोकार्पण गरेका हुन् ।

कार्यक्रममा प्रमुख सचिव विष्टले सार्वजनिक सेवा प्रवाहका साथै राष्ट्रसेवक कर्मचारीको एकआपसमा भेटघाट र समन्वय गर्ने साझा संस्थाका रूपमा कर्मचारी मिलन केन्द्र क्रियाशील बनेको बताए । सार्वजनिक प्रशासनका विविध पक्षलगायत विभिन्न लेख रचनालाई समावेश गरी प्रकाशन गरिएको पुस्तक उपयोगी बन्ने उनले विश्वास व्यक्त गरे ।

जिल्ला न्यायाधीश दाहालले विभिन्न सेवा प्रदायक निकायमा काम गर्ने राष्ट्रसेवकको अनौपचारिक फोरमका रूपमा मिलन केन्द्र रहेको बताउँदै यसका माध्यमबाट विभिन्न रचनात्मक गतिविधि सञ्चालन हुँदै आएको जानकारी दिए । मिलन केन्द्रका संरक्षक एवं कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले केन्द्रको सक्रियतामा सामाजिक उत्तरदायित्वअन्तर्गत प्रत्येक महिना पोखरा क्षेत्रमा प्राकृतिक एवं सांस्कृतिक सम्पदा सरसफाइलगायत विभिन्न रचनात्मक गतिविधि सञ्चालन हुने गरेको बताए ।

मिलन केन्द्र कास्कीका अध्यक्ष लोकनाथ आचार्यले सार्वजनिक सेवा प्रवाहका नियमित कामका अतिरिक्त राष्ट्रसेवकबीच आपसी सद्भाव अभिवृद्धिका साथै विभिन्न सिर्जनात्मक कामलाई केन्द्रले सञ्चालन गरिरहेको बताए । सम्पदा सरसफाइका साथै हरितालिका तीजमा असहाय आश्रित महिला दिदीबहिनीका लागि दरभोजका लागि सहयोगका साथै योग दिवसलगायत हरेक कार्यक्रममा केन्द्रले नेतृत्वदायी भूमिका निर्वाह गरेको उनले उल्लेख गरे ।

कूल १६८ पृष्ठमा समेटिएको कर्मचारी दर्पणको प्रधानसम्पादकमा नवराज बराल रहनुभएको छ भने सम्पादकहरूमा नवराज गौतम, सन्तोष ढुंगाना र वासुदेव पौडेल छन् । पुस्तकमा सार्वजनिक प्रशासनसहित विभिन्न सेवा क्षेत्र समेटिएका विज्ञ तथा लेखकका २६ वटा रचना समावेश गरिएको मिलन केन्द्रका सचिव एवं सम्पादक सन्तोष ढुंगानाले जानकारी दिए ।

कार्यक्रममा नेपाल सरकारको विशिष्ट श्रेणीमा पदोन्नति भएका केन्द्रका तर्फबाट प्रदेश प्रमुख सचिव विष्ट, पुस्तक प्रकाशनमा प्रधानसम्पादकको जिम्मेवारी निर्वाह गरेका जिल्ला समन्वय अधिकारी बराललाई सम्मान गरिएको थियो । कास्कीका विभिन्न कार्यालयमा जिम्मेवारी सम्हाल्न हालै आएका कार्यालय प्रमुख एवं कर्मचारीलाई केन्द्रकातर्फबाट स्वागत गरिएको थियो ।

## रंगशाला

### भारतलाई हराउँदै...



दोस्रो हाफमा भारतकी संगीता बास्फोरले उत्कृष्ट गोल गर्दै अग्रता दिलाइन् । भारतले गोलको खुसी मनाइरहेको अवस्थामा नेपालले लगत्तै गोल गरेको थियो । तर, रेफ्रीले उक्त गोललाई मान्यता दिएनन् । तनावका कारण खेल एक घण्टाभन्दा बढी समयसम्म रोकिएको थियो । खेल पुनः सुरु भएलगत्तै नेपालकी सावित्रा भण्डारी 'साम्बा'ले गोल गर्दै खेललाई एक-एक गोलको बराबरीमा पुर्‍याइन् । त्यसपछि गोल हुन नसक्दा खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा नेपालले चार तथा भारतले दुईवटा मात्र गोल गर्न सक्यो ।

नेपालले अब फाइनल खेल बंगलादेशसँग खेल्ने छ । दशरथ रंगशालामा नै आइतबार दिउँसो भएको पहिलो सेमिफाइनल खेलमा बंगलादेशले भुटानलाई ७-१ गोलअन्तरले पराजित गर्दै फाइनलका लागि स्थान बनाएको हो ।


## कुवेतमा रोजगार
कम्पनी : SHIMLAN & RAICY COMPANY BUILDING MATERIALS

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312784 | चलानी नं. ६०२१७१९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 2 | 0 | 180 | ७९,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BON MANPOWER PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile - 9803960700, 9843361254, 9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com
श्रम इजाजत नं. 1514/074/075



## साउदीमा रोजगार
कम्पनी : Allied Star Contracting Company Limited

पूर्व स्वीकृति मिति : २०८१/०४/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 308198 | चलानी नं. ६०२२२९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 15 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कुवेतमा रोजगार
कम्पनी : Cruck Burger Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/०४/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 308001 | चलानी नं. ६०२२२६९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Burger Maker | 1 | 0 | 140 | ६१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम इजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## बहराइनमा रोजगार
कम्पनी : Master Kraft Factory W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 312758 | चलानी नं. ६०२२७२१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 5 | 0 | 140 | ५०,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter | 10 | 0 | 140 | ५०,०८५ | | | | | | | |
| 3 | Spray Painters | 10 | 0 | 140 | ५०,०८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Eminence Recruitment International Pvt Ltd**
Govt. License No. 1569/079/80
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel no: 01-4110036, 4110040, 9851164154, 9849964370 9803193977 Email : info@eminencenepal.com, Website : ww.eminencenepal.com


## Invitation of Electronic Bids

## Urlabari Municipality

### Office of Municipal Executive

Urlabari, Morang
Koshi Province, Nepal

Date of Publication: 2081/07/12 (28th of October 2024)

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Blacktop Road-Ward 2&3-W- NCB -02-081/82 | " Construction of Blacktop Road of Illaka prasasan karyalaya jana sadak ward 2, Kerkhali Chowk dekhe Wardkaryalaya jana sadak ward 3 & Ramnagar dakchin durga mavi hudhai chandane jana sadak ward 3 " | 1,02,28,392.00 /- | 2,26,500.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.


## साउदीमा रोजगार
कम्पनी : SAEED HAMMAD MUBARAK AL MAHRI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०३/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 306194 | चलानी नं.६०२२०९४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 4 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

कम्पनी : ADKA INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०४/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 308399 | चलानी नं.६०२२३०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Erector (Scaffolder) | 7 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAZAR NAJD FOUNDATION FOR SUBSISTENCE SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312781 | चलानी नं.६०२२७१८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1400 | ५०,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Company MUTEB HAADI AL-QAHTANI for Tradind

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312167 | चलानी नं.६०२२७१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 3 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338, Fax: 01-4362338,
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
License No. : 333/059/60



## युएइमा रोजगार
कम्पनी : SPARK SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 283461 | चलानी नं. ६०१९८८५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard - SIRA | 79 | 22 | 1200 | ४४,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard (ASSD) | 59 | 19 | 2000 | ७३,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.** (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np



## युएईमा रोजगार
कम्पनी : Emirates International Projectes for general contracting

पूर्व स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 312783 | चलानी नं. ६०२२७२२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 8 | 0 | 1000 | ३६,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Architect/draftsmen | 5 | 0 | 5000 | १८३,४८० | | | | | | | |
| 3 | Blacksmith | 17 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 4 | Brick Layer | 10 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 5 | Building Labour | 25 | 0 | 800 | २९,३५५ | | | | | | | |
| 6 | Quantity Surveyor | 5 | 0 | 4000 | १४६,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## साउदीमा रोजगार
कम्पनी : National Advanced Industrial Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312508 | चलानी नं.६०२२७२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forklifet Operator | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

कम्पनी : National Advanced Industrial Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312796 | चलानी नं.६०२२७२०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Helpers | 3 | 0 | 1050 | ३७,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : National Advanced Industrial Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312554 | चलानी नं.६०२२७२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Workers | 1 | 0 | 1050 | ३७,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080



## कतारमा रोजगार
कम्पनी : RAPTI RESTAURANT

पूर्व स्वीकृति मिति : २०८०/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 301750 | चलानी नं. ६०२१६६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 2 | 1500 | ५५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९२,१९५ | | | | | | | |
| 3 | General Clean Worker | 3 | 16 | 1000 | ३६,८८० | | | | | | | |
| 4 | General Cook | 4 | 2 | 1500 | ९२,१९५ | | | | | | | |
| 5 | Hotel Services | 2 | 0 | 1500 | ५५,३२० | | | | | | | |
| 6 | Juice Maker | 4 | 4 | 1500 | ५५,३२० | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 3000 | ११०,६३५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५५,३२० | | | | | | | |
| 9 | Supervisior | 4 | 1 | 2500 | ९२,१९५ | | | | | | | |
| 10 | Waiter | 13 | 5 | 1400 | ५१,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा रोजगार
कम्पनी : Carwah Al Arabia Transport and Logistics Company

पूर्व स्वीकृति मिति : २०८१/०७/११ | LT. No. 312750 | चलानी नं. ६०२२७२३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.**
Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com



## साउदीमा रोजगार
कम्पनी : Yum Yum Pizza Restaurant to provide Meals

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312785 | चलानी नं. ६०२२७२२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ५०,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १९ गते (4th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

# ‘ट्रम्पले जित्ने आशामा नेतन्याहू’



**जेरुसेलम–** अमेरिकी राष्ट्रपतिको चुनाव नजिकिँदै गर्दा इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतन्याहूले डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्कने आशा गरेको उनका अभिव्यक्तिले पुष्टि गरेका छन् । नेतन्याहूका लागि ट्रम्पको अन्तिम कार्यकाल सहज थियो र नोभेम्बर ५ का लागि तय भएको मतदानको पूर्वसन्ध्यामा पूर्वराष्ट्रपतिले आफ्नो मध्यपूर्व नीतिबारे मिश्रित सन्देश पठाएका छन् ।

उनले नेतन्याहूलाई इरानको आणविक केन्द्रहरूमा बमबारी गर्न प्रोत्साहित गर्नेदेखि अमेरिकी वर्तमान राष्ट्रपति जो बाइडेनको आलोचना गर्दै भने, ‘यदि म राष्ट्रपति भएको भए अक्टोबर ७ को आक्रमण कहिल्यै हुने थिएन ।’ उनले इजरायललाई युद्ध अन्त्य गर्न दबाब दिने पनि सन्देशमा उल्लेख छ । यद्यपि ट्रम्पको ‘अमेरिकालाई फेरि महान् बनाऊ’ भन्ने चुनावी नारा र इजरायलबारेका यी अस्पष्ट अभिव्यक्ति र नीतिहरूले नै नेतन्याहूले ट्रम्पसँग आशा गरेको विश्लेषकहरू बताउँछन् ।

रिपब्लिकन राष्ट्रपतिका रूपमा ट्रम्पले नेतन्याहूलाई गाजा र लेबनानमा जारी द्वन्द्वको सामना गर्न थप स्वतन्त्रता दिने सम्भावना रहने छ । ‘नेतन्याहूको एउटा कोसेढुंगा अमेरिकी निर्वाचन हो । उनले ट्रम्पको विजयका लागि प्रार्थना गरिरहनुभएको छ । यसले उहाँलाई धेरै स्वतन्त्रता प्रदान गर्ने छ वा आफूले चाहेको काम गर्न दिने छ,’ जेरुसेलमको हिब्रु विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक गिडोन राहतले एएफपीसँग बताए ।

नेतन्याहूका पूर्व चिफ अफ स्टाफ तथा राजनीतिक टिप्पणीकार अभिभ बुशिन्स्कीले भने, ‘अमेरिकी रिपब्लिकन नेता ट्रम्पसँग डेमोक्रयाट नेताहरूको तुलनामा नेतन्याहूको अनुभव निकै राम्रो छ । डेमोक्रयाटहरू नेतन्याहूमाथि धेरै कठोर छन् ।’

### घनिष्ठ व्यक्तिगत सम्बन्ध

प्रधानमन्त्रीका रूपमा १७ वर्षको कार्यकालमा नेतन्याहूले रिपब्लिकन पार्टीका नेता ट्रम्पसँग मात्र सहकार्य गरेको छ अर्थात् यो अवधिमा अमेरिकामा अन्य राष्ट्रपति सबै डेमोक्रयाटिक पार्टीबाट निर्वाचित भएका थिए । आफ्नो कार्यकालको दौडान ट्रम्पले नेतन्याहूको घरेलु प्रतिष्ठालाई बढावा दिने धेरै कदमहरू चालेका थिए भने इजरायल, प्यालेस्टाइनसँगको द्वन्द्व र व्यापक क्षेत्रबारे लामो समयदेखिका अमेरिकी नीतिहरूलाई रद्द गरेको थियो ।

राष्ट्रपतिका रूपमा रिपब्लिकन नेता ट्रम्पले अमेरिकी दूतावासलाई जेरुसेलममा स्थानान्तरण गरेको थियो । यसलाई इजरायलले आफ्नो अविभाजित राजधानीको रूपमा दाबी गर्दछ । अमेरिकाले कब्जा गरिएको गोलान हाइट्समा इजरायली सार्वभौमिकतालाई मान्यता दिएको थियो र तीनवटा अरब राज्य र इजरायलबीचको सम्बन्ध सामान्यीकरण गर्ने वातावरण सिर्जना गरेको थियो ।

ट्रम्पले इजरायलको कट्टर शत्रु इरानसँगको ऐतिहासिक आणविक सम्झौताबाट पछि हटेका थिए र पुनः इस्लामिक गणतन्त्र इरानमाथि कडा आर्थिक प्रतिबन्धहरू लागू गरेको थियो ।

यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलका लागि आफ्नो ‘चट्टानी समर्थन’ मा जोड दिए पनि लामो समयदेखि नेतन्याहूसँगको सम्बन्ध चिसो रहँदै आएको देखिन्छ । बाइडेनले नेतन्याहूलाई इरानको तेल उत्पादन र आणविक केन्द्रहरूमा आक्रमण नगर्न चेतावनी दिएका थिए भने ट्रम्पको धारणा यसको विपरीत रहेको थियो ।

ट्रम्प र नेतन्याहूबीच घनिष्ठ व्यक्तिगत सम्बन्ध पनि छ । अमेरिकी पूर्वराष्ट्रपतिले यसै हप्ता इजरायली प्रधानमन्त्रीसँग बारम्बार फोन वार्ता भएको दाबी गरेको छ । जर्जियामा आयोजित एक र्‍यालीलाई हालै सम्बोधन गर्दै ट्रम्पले भनेका थिए, ‘हामीबीच निकै राम्रो सम्बन्ध छ । हामी उनीहरूसँग धेरै नजिकबाट काम गर्न जाँदै छौं ।’ बुशिन्स्कीले भने, ‘यी सकारात्मक कुराहरू कुनै पनि चिन्ताभन्दा बढी हुने छन् । मलाई लाग्छ, नेतन्याहू ट्रम्पको निर्वाचनको अनिश्चितताको जोखिम मोल्न तयार हुनुहुने छ ।’

### इजरायलमा लोकप्रिय

ट्रम्प नेतन्याहूसँग मात्र होइन, इजरायली जनतामाझ पनि लोकप्रिय छन् । इजरायल इन्स्टिच्युट फर रिजनल फरेन पोलिसिज मिटभिमले सेप्टेम्बरमा गरेको जनमत सर्वेक्षणमा ६८ प्रतिशत इजरायलीले ट्रम्पलाई इजरायलको हितमा काम गर्ने उम्मेदवारका रूपमा हेरेका छन् ।

उपराष्ट्रपति कमला ह्यारिसले इजरायललाई समर्थन गर्ने र इजरायलको रक्षा गर्ने अधिकारबारे बारम्बार घोषणा गरे पनि १४ प्रतिशतले मात्र उनलाई रोजेका थिए । संयुक्त राज्य अमेरिकाका लागि पूर्वइजरायली कूटनीतिज्ञ तथा मिटविमको निर्देशक समितिका सदस्य नादाव तामिरले भने, ‘इजरायलमा, संयुक्त राज्य अमेरिका बाहिर अन्य कुनै पनि उदार लोकतन्त्रभन्दा ट्रम्प ह्यारिसभन्दा बढी लोकप्रिय छन् ।’

यद्यपि, तामिरले नयाँ ट्रम्प प्रशासन आश्चर्यजनक हुन सक्ने बताए । उनले भने, ‘पूर्वराष्ट्रपति ट्रम्प अलगाववादी हुनुहुन्छ र अमेरिकालाई स्वतन्त्र विश्व वा अन्तर्राष्ट्रिय गठबन्धनको नेता बनाउन चाहनुहुन्न । उहाँले आफूलाई यस सम्बन्धमा समान विचार भएका रिपब्लिकनको भीड र विचारलाई पार्टीमा बढी स्थान दिनुभएको पाइन्छ ।’

### “अविश्वास”

प्यालेस्टिनी राजनीतिशास्त्री तथा सर्वेक्षणकर्ता खलिल शिकाकीका अनुसार प्यालेस्टिनीहरूमा कुनै पनि उम्मेदवारका लागि खासै उत्साह छैन । ‘प्यालेस्टाइनीहरूले दुवै उम्मेदवारलाई अविश्वास गर्छन् र उनीहरूबीच खासै भिन्नता देख्दैनन्,’ शिकाकीले भने ।

हमासका एक अधिकारी ताहेर अल-नुनुले एएफपीसँग कुरा गर्दै अमेरिकी प्रशासनले इजरायलको पक्षमा प्यलेस्टिनीविरूद्ध पक्षपातपूर्ण व्यवहार गर्दै आएको बताए । विस्थापित भई सडकमा जीवन बिताइरहेका प्यालेस्टिनीहरूले जसले जिते पनि आफ्नो इलाकामा जीवन सुधार नहुने बताएका छन् ।

‘अमेरिकी चुनावले हाम्रो राजनीतिक वास्तविकतामा सकारात्मक प्रभाव पार्छ भन्ने मलाई विश्वास छैन,’ पश्चिम किनारास्थित बिरजित युनिभर्सिटीकी २१ वर्षीया छात्रा लीन बासेमले भनिन् । साउण्ड इञ्जिनियर ४२ वर्षीय हसन अनवरले पनि इजरायलको समर्थनमा अमेरिकी नीति पूर्णरूपमा स्पष्ट भएको र उनीहरूले प्यालेस्टिनीलाई हेर्ने आँखामा कुनै भिन्नता छ भन्ने आफूलाई विश्वास नभएको बताए । *रासस⁄एएफपी*

# फिलिपिन्समा आँधीका कारण मृत्यु हुनेको संख्या १०० भन्दा बढी पुग्यो

**मनिला–** फिलिपिन्समा उष्णकटिबन्धीय आँधी ‘ट्रामी’का कारण मृत्यु हुनेको संख्या १०० भन्दा बढी पुगेको उद्धारकर्मीले आइतबार बताएका छन् । आँधीपछि आत्तिएर एउटा तालमा हामफालेका दर्जनौं मानिस अझै हराइरहेका छन् भने उनीहरूको खोजी भइरहेको छ । गत अक्टोबर २४ मा फिलिपिन्समा आएको ‘ट्रामी’ यस वर्षको सबैभन्दा घातक आँधीमध्ये एक थियो ।

राष्ट्रिय विपद् निकायका अनुसार भूकम्पका कारण पाँच लाखभन्दा बढी मानिस आफ्नो घर छाड्न बाध्य भएका छन् भने कम्तीमा ३६ जना हराइरहेका छन् । सबैभन्दा बढी प्रभावित बिकोल क्षेत्रमा प्रहरीले ३८ जनाको डुबेर मृत्यु भएको जनाएको छ । बिकोलका क्षेत्रीय प्रहरी निर्देशक आन्द्रे डिजोनले एएफपीसँग भने, ‘हामीलाई अझै पनि धेरै फोन आइरहेका छन् र हामी सकेसम्म धेरै मानिसहरूलाई बचाउने प्रयास गरिरहेका छौं । आशा छ, त्यहाँ थप मृत्यु हुने छैन ।’

डिजोनले यस क्षेत्रको क्यामारिन सुर प्रान्तका ‘धेरै बासिन्दाहरू’ अझै पनि आफ्नो घरको छत र माथिल्लो तलामा फसेको बताए । मनिलाको दक्षिणमा पर्ने बाटांगासमा मृत्यु हुनेको संख्या ५५ पुगेको प्रान्तीय प्रहरी प्रमुख ज्याकिन्टो मालिनाओले एएफपीलाई जानकारी दिए ।

क्याभिट प्रान्तमा डुबेर दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । एएफपीको आधिकारिक प्रहरी र विपद् निकाय स्रोतका अनुसार अन्य प्रान्तमा थप पाँच जनाको शव फेला परेपछि मृतकको संख्या १०० पुगेको छ । नागरिक सुरक्षा कार्यालयका एडगर पोसाडासले एएफपीसँग भने, ‘आगामी दिनमा अझै धेरै मानिसको मृत्यु भएको जानकारी आउने सम्भावना छ किनभने उद्धारकर्ताहरू पहिलेभन्दा फरक स्थानमा उद्धारका लागि पुगेका छन् ।’

प्रहरी, तटरक्षक र मरिन डाइभिङ टोलीले आइतबार पनि बाटांगासको तालमा हामफालेका भनिएका सात परिवारको खोजी गरिरहेका छन् । प्रान्तीय प्रहरी प्रमुख मालिनाओले भने, ‘पहाडको पानीले बालेटे सहरमा रहेको उनीहरूको घरमा पहिरो र बाढी ल्याएपछि उनीहरूको घर भत्किने डरमा आत्तिएर तालमा हाम फालेका थिए ।

बटांगासमा अधिकांशको मृत्यु वर्षाका कारण आएको पहिरोका कारण भएको बताइएको छ । माटो, ढुंगा र ढलेका रूखको थुप्रोबाट २० जनाभन्दा बढीको शव निकालिएको छ भने कम्तीमा २० जना अझै हराइरहेको प्रहरीले जनाएको छ । मालिनाओले भने, ‘सबै शव नभेटिएसम्म हामी खोजी जारी राख्नेछौं ।’

उत्तरी फिलिपिन्सको विभिन्न भागमा आएको बाढीका कारण करिब पाँच लाख ६० हजार मानिस विस्थापित भएको राष्ट्रिय विपद् निकायले आइतबार जनाएको छ । प्रत्येक वर्ष करिब २० वटा ठूला आँधीबेहरीले फिलिपिन्स र यसको वरपरका घर र पूर्वाधारमा क्षति पुर्‍याउने गरेको छभने दर्जनौं मानिसको ज्यान लिने गरेको छ ।

एसिया-प्रशान्त क्षेत्रका आँधीबेहरीहरू समुद्र तटको नजिक बढ्दै गएको र जलवायु परिवर्तनका कारण जमिनमा अझ तीव्र र लामो समयसम्म टिक्ने आँधी आउने हालै गरिएको एक अध्ययनले देखाएको छ । *रासस⁄एएफपी*

---

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
**पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा**

## बोलपत्रको छनौटको आशयको सूचना

**प्रकाशित मितिः २०८१/०७/१२**

यस पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानको मिति २०८१/०४/१८ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित निम्नानुसारको बोलपत्र आव्हान सम्बन्धि सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुँदा देहाय बमोजिमका बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागी छनौट गर्ने निर्णय भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | ठेक्का नंवर / खरिदको विवरण | बोलपत्रदाताको नाम ठेगना | स्वीकृत आइटम | कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | PoAHS/G/NCB-4.1/2081-82 The Procurement of equipment for skilled lab set-up Package I | श्री Sunrise Surgical House, Kathmandu | सबै आइटम (No 1-36) | रु ३२,४४,४२५/- | सारभुत रुपमा प्रभावग्राही बोलपत्र |
| २ | PoAHS/G/NCB-4.2/2081-82 The Procurement of equipment for skilled lab set-up Package II | श्री Asian Global Trading Pvt Ltd, Kathmandu | Item no 1: Binocular Microscope | रु १६,९८,०००/- | |
| | | श्री Mediserve International Pvt Ltd, Kathmandu | Item NO 2: Trinocular Microscope with camera | रु ४,३४,७००/- | |
| | | श्री JHS Analytic Traders Pvt Ltd, Kathmandu | Item No 3 : Heated Paraffin embedding module | रु ५,१०,०००/- | |
| | | | Item No 4 : Spectrophotometer Visible, Single Beam | रु ३,१०,०००/- | |
| | | | Item No 5 : Hand Saw and Band Saw | रु २,२०,०००/- | |
| | | | Item No 6 : Bone Cutting machine | रु २,७८,०००/- | |

**निर्देशक**

---

# आमाछोदिङमो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा
बागमती प्रदेश, नेपाल

## सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८१/०७/१२ गते

यस गाउँपालिकाको चालु आ. व. २०८१।८२ मा सवारी साधन खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को (पहिलो संसोधन, २०७३) को दफा ८ को उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संसोधन, २०७३ ) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताले आ-आफ्नो फर्म दर्ता भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व. २०८०।८१ को आयकर चुक्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु समावेश गरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख (१) अनुसार देहाय बमोजिमको सवारी साधनको उत्पादन आधिकारिक स्पेसिफिकेसन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको ७ (सात) औं दिनको कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेशी, रसुवामा शिलबन्दि प्रस्ताब दर्ता गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| क्र. सं. | खरिद गर्नुपर्ने सवारी साधन | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | चारपाङग्रे सवारी साधन (Four Wheel Jeep) | Right Hand 4WD drive, Double Cab Pick-up capable of delivering strong adequate traction and maneuverability/stability needed for safe driving in rough, sandy or slippery and hilly road conditions at an altitude up to 4000 m and in ambient temperature between -15° C to 50° C, Gross Vehicle Weight (GVW) of the vehicle shall not be less than 3100 KG. | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ |
| २ | दुईपाङग्रे सवारी साधन (Two Wheel Motorcycle ) | Motorcycle of study design, suitable for driving in rough and hilly road condition of Nepal with operating condition suitable for temperature range of -5° C to 45° C and up to altitude of 3000m having Kerb weight of minimum 150 Kg. Should have an electric self and kick start arrangement for starting engine. | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ |

प्रमुख प्रशासकिय अधिकृत


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६७४०० | प्रति तोला - ० | प्रति तोला - २०८५ |



**तिहारका लागि झिनियाँ** | पाल्पाको रामपुर नगरपालिका-५ स्थित राङभाङ बस्ने रुद्रनारायण श्रेष्ठ र लक्ष्मी श्रेष्ठ तिहारका लागि झिनियाँ तयार पार्दै । यहाँ अहिले तिहारलाई झिनियाँ बिक्रीका लागि व्यवसायीलाई भ्याइनभ्याई छ । *तस्बिरः सुशीला रेग्मी/रासस*

# तिहारका लागि पाला बनाउन भ्याइनभ्याइ, घट्दो मागले चिन्ता

■ रमेश गिरी



**भक्तपुर–** हिन्दू नेपालीको दोस्रो ठूलो पर्व तिहार नजिकिएसँगै माटोका भाँडा बनाउँदै आएका कुमाल समुदायलाई पाला बनाएर बिक्री गर्न भ्याइनभ्याइ भएको छ । तिहारमा माटोका भाँडा र पालाको माग धेरै भएकाले कुमाल समुदायका परिवारलाई यतिखेर पाला बनाउन भ्याइनभ्याइ भएको हो ।

आकर्षक माटोको भाँडा बनाउने भक्तपुर नगरपालिका-४ बोलाछेँ तालाक्वो अर्थात् पोर्टरी स्क्वायरका प्रजापति समुदायका अधिकांश परिवार तिहारका लागि आवश्यक पाला, धुपौरो, घैँटोलगायत अन्य सामग्री बनाउन व्यस्त देखिन्छन् । 'तिहार आइसक्यो माटोका पाला, भिउँट, धुपौरोको माग बढी आएको छ, तिहारमा सामान जसरी पनि दिनुपर्छ । अहिले भ्याइनभ्याइ छ,' स्थानीय ३९ वर्षीय विनोदकुमार प्रजापतिले भने । पुर्खाले वर्षौंदेखि गर्दै आएको पेसालाई उनले १७ वर्षदेखि अँगाल्दै आएका छन् ।

माटोका भाँडा बनाउने आधुनिक मेसिनले सहज बनाएको बताउँदै उनले यस वर्ष एक लाख पाला बिक्री गर्ने योजना रहेको जानकारी दिए । पाला पूजामा प्रयोग हुने धुपौरो, घैँटोखुत्रुके, गमला बनाउन व्यस्त उनले यस वर्ष साना र ठूला दुवै प्रकारका पालाको माग आएको उल्लेख गरे । माटोका भाँडा बनाउने पेसा गर्दै आएका ९९ प्रजापति परिवारको बसोबास रहेको यहाँ भूकम्पपछि कतिपयले भत्किएका घर छाडेर अन्यत्र बसाइँ सरेका छन् । अहिले करिब ४० घरमा यो समुदाय समिति भएको उनले जानकारी दिए ।

भारतबाट आउने प्लास्टिक तथा विद्युतीय पालाले माटोको पालाको माग पहिलाको तुलनामा घटेको बताउँदै विनोदकुमारले भक्तपुरमा माटो पाउन छोडेपछि अहिले साँखुबाट ल्याउनुपरेको बताए । यतिबेला पोटरी स्क्वायरका ४० परिवारमा कोही माटोका भाडा बनाइरहेका, कोही सुकाइरहेका, कोही आधुनिक भट्टीमा भाडा पोखिरहेका, कोही झिक्दै बाकसमा राख्दै गरेका देखिन्छन् ।

स्थानीय विवेक प्रजापतिले १६ वर्षदेखि पुर्खाको पेसालाई अँगाल्दै आएको बताउँदै तिहारका लागि माग बढी भएकाले फुर्सद नभएको उल्लेख गरे । उनले भने, 'बजारमा माटाका सामग्रीको माग बढी छ । मानिस जन्मेदेखि मृत्युसम्मका लागि आवश्यक पर्ने सम्पूर्ण माटाको भाँडा बनाउँछौं, यस वर्ष पनि तिहारका लागि एक लाख पालाको माग भएकाले सोही बनाउन व्यस्त छौं ।'

यहाँ बनेका पाला र भाँडा भक्तपुरका साथै अन्य जिल्ला र विदेशमासमेत माग हुने गरेको विवेकले जानकारी दिए । 'नेपालबाट मात्रै नभई विदेशका लागि पनि सामानको माग आउने गर्दछ,' उनले भने ।

सँगै माटोको भाँडा बनाइरहेका साजन प्रजापतिले पछिल्ला केही वर्षयता भारतबाट आयातीत पाला र विद्युतीय बत्तीले माटोका सामग्रीको माग विगतको तुलनामा घटेको बताए । २० वर्षदेखि माटोको भाँडा बनाउँदै आएका उनले यस वर्ष आफूले पाला नबनाएर तिहारका लागि अन्य आवश्यक सामगीमात्र बनाएको सुनाए ।

विगत ३५ वर्षदेखि पुर्खाको पेसालाई निरन्तरता दिँदै आएका रोशन प्रजापतिले बजारमा अहिले पहिलाको जस्तो माटोका भाँडा र पालाको माग नभएको गुनासो गरे । उनले कोरोना महामारीदेखि व्यापार घटेको भन्दै आर्थिक मन्दीले यो पेसालाई निरन्तरता दिन समस्या भइरहेको उल्लेख गरे । उनले यस वर्ष ६० हजार पालाको मात्रै माग आएको बताए ।

यहाँ उत्पादन भएका पाला भक्तपुर, काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक, बनेपा, पनौती, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, पोखरा, नारायणगढ, वीरगञ्जलगायत ठाउँबाट माग भएकाले मागअनुसार पठाउने गरिएको स्थानीय दयाराम प्रजापतिले बताए । विनोद प्रजापतिले माटो र काठको निकै अभाव भएको बताए । सरकारले इलेक्ट्रिक चुलोको व्यवस्था गरिदिए सहज हुने धारणा उनले राखे ।

'माटोको अभाव छ । भक्तपुरमा माटो पाउन छाडेको नौ वर्ष भइसक्यो । साँखुबाट व्यापारीले माटो ल्याउने गर्छन्, त्यो पनि मागअनुसार आउँदैन, माटोको अभावले पेसा संकटमा पर्ने अवस्थामा आएको छ । एक मिनिट्रक माटोको व्यापारीले १२ हजार रूपैयाँ लिन्छन्,' उनले भने ।

अहिले भक्तपुर र थिमिका प्रजापतिले माटोका पाला, खुत्रुके, अम्बरा, धुपौरो, गमला, सुराई, कलिञ्चालगायत सामानको माग बढेकाले बनाउन व्यस्त रहेको बताएका छन् । थोरै भाँडा बनाउनेले पनि तिहारमा बाहिरबाट पनि माग हुने भएकाले एक लाख रूपैयाँभन्दा बढी आम्दानी हुने स्थानीय प्रजापति बताउँछन् । *रासस*

# 'गैरआवासीय नेपालीका लागि लगानीको वातावरण बनाउन सरकार प्रतिबद्ध छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले गैरआवासीय नेपालीका सन्ततिलाई नेपालको कला, संस्कृति तथा भूगोलसँग जोडेर पुर्खाको थातथलोका बारेमा जानकारी दिन र नेपालमा नै लगानी गर्नसक्ने अनुकूल वातावरणको सिर्जना गर्न नेपाल सरकार सधैं प्रतिबद्ध रहेको बताएका छन् ।

'रूपान्तरण र एकताः श्रम, लगानी र नागरिकताको निरन्तरता' नारासहित आइतबारदेखि सुरु भएको गैरआवासीय नेपाली संघ (एनआरएनए)को 'ग्लोबल' सम्मेलन तथा स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले नेपालको विकास र समृद्धिका लागि गैरआवासीय नेपालीसँगको सहकार्य मजबुत बनाउन सरकार सदैव तयार रहेको बताए ।

मन्त्री भण्डारीले भने, 'गैरआवासीय नेपाली दिवसका अवसरमा संघले वार्षिक साधारणसभाका साथै गैरआवासीय नेपालीहरूको लगानी, गैरआवासीय नेपालीको नागरिकता, प्रवासी नेपालीको मताधिकार, वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा, महिला तथा युवाका विषयमा छलफल गर्नेगरी आयोजना गरिएको यो ग्लोबल सम्मेलनले संघले उठान गरेका विषयमा नेपाल सरकारलाई नीतिगत सुधारका लागि पृष्ठपोषण हुने विश्वास सरकारले राखेको छ ।'

गैरआवासीय नेपालीको यो कार्यक्रमले नेपालमा लगानीको वातावरण रहेको स्पष्ट सन्देश विश्व समुदायमा दिने विश्वास व्यक्त गर्दै उनले नेपालमा लगानीको वातावरण उपयुक्त रहेको र त्यसका लागि वर्तमान सरकारले आवश्यक सहजीकरण गरी वैदेशिक लगानीमैत्री कानुनी तथा नीतिगत व्यवस्था गरेको बताए । 'गैरआवासीय नेपालीहरूले विदेशमा रहँदा गरेको आम्दानीलाई जन्मस्थलमा लगानी गर्ने कामलाई सरकारले प्राथमिकता दिँदै आइरहेको यहाँहरूलाई अवगत नै छ,' मन्त्री भण्डारीले भने, 'एनआरएन विकास कोष स्थापना गर्ने र सो फण्डमार्फत नेपालमा पुँजी र प्रविधि भित्र्याउने विषय स्वागतयोग्य विषय हो, उक्त कोषको उपयोग र लगानी गरी देशमा रोजगारीका अवसर सिर्जना गरी भविष्यमा नेपाली युवाले रोजगारीका लागि देश छाड्नै नपर्ने वातावरण स्थापना गर्ने कुरामा सहकार्य गर्न सरकार हरदम तयार छ ।'

गैरआवासीय नेपालीमार्फत वैदेशिक लगानी परिचालन गर्नुका साथै गैरआवासीय नेपाली विकास कोषकोसमेत समुचित उपयोगका लागि नेपाल सरकारले नीतिगत, कानुनी तथा अन्य सहजीकरणसमेत गर्दै आइरहेको उनको भनाइ थियो । उनले भने, 'सरकारसँगको साझेदारीमा स्थापना हुने लगानी कम्पनीमार्फत लगानी गर्न गैरआवासीय नेपालीका हकमा वैदेशिक लगानीको न्यूनतम सीमा लागू नहुने व्यवस्था सरकारले गरेको छ ।'

सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीमा प्रचलित कानुनबमोजिम स्थापना भएको इन्भेस्टमेन्ट कम्पनीले विदेशी नागरिकता वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैरआवासीय नेपालीका लागिमात्र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई पूर्वाधारसम्बन्धी परियोजनामा सेयर, बण्ड र डिवेञ्चरमा लगानी गर्न पाउने र विदेशी मुद्रामा भुक्तानी हुनेगरी नियमानुसार धितोपत्र निष्कासन गर्नसक्ने व्यवस्था गरेको मन्त्री भण्डारीले कार्यक्रममा जानकारी गराए ।

आर्थिक रूपान्तरणका लागि गैरआवासीय नेपालीहरूले विश्वबजारमा सिकेको सीप, जानेको प्रविधि र गरेको आम्दानीबाट नेपालले लिनसक्ने अधिकतम लाभका लागि नेपालले सधैं सहकार्य गर्न सबै ढोका खुला राखेको उनले बताए । मन्त्री भण्डारीले भने, 'नेपालको औद्योगिक विकासका लागि गैरआवासीय नेपालीका साथै वैदेशिक लगानीका लागि हामीले सधैं स्वागत गरेकै छौं र भविष्यमा यस्ता लगानीलाई प्रोत्साहन हुनेगरी सरकारले नीतिगत, कानुनी तथा अन्य सुधारको कार्य गरिरहेको छ ।'

## १० अर्बको एनआरएनए फण्ड कार्यान्वयनमा आउँदै

गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष डा. बद्री केसीले नेपालमा गैरआवासीय नेपालीले साधारण सेयरमार्फत (आइपिओ)बाटै लगानी गर्न सक्नेगरी १० अर्ब रूपैयाँको एनआरएनए डेभलपमेन्ट फण्ड कार्यान्वयनमा ल्याउने तयारी अन्तिम अवस्थामा पुगेको बताएका छन् । संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आयोजना गरेको एनआरएन दिवस र वार्षिक साधारणसभामा उनले उक्त जानकारी दिएका हुन् ।

विदेशमा बस्ने नेपालीले वैधानिक लगानी कसरी गर्न सकिन्छ भन्ने खोजीमा एनआरएनए फण्ड स्थापना भएको उनले बताए । अध्यक्ष डा. केसीले नेपाल धितोपत्र बोर्डले निर्देशिका जारी गरेसँगै लगानी भित्र्याउन बाटो खुल्ने धारणा राखे । 'विदेशबाट नेपालीले लुकेरै लगानी गर्नुपर्ने अवस्था हुँदा फण्डको परिकल्पना गरिएको हो,' अध्यक्ष केसीले भने, 'नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंकको सहजीकरणमा केही दिनमै फण्ड कार्यान्वयनमा आउने अवस्थामा पुगे छ ।'

# जनकपुर चुरोट कारखाना निजीकरण गर्ने षड्यन्त्र हुँदै छ : *नेता निधि*

**जनकपुर (प्रस)–** सत्तारुढ दल नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान मधेस प्रदेश सरकारको मधेस-प्रदेश भवनले परिचित जनकपुर चुरोट कारखाना निजीकरण गर्ने षड्यन्त्र भइरहेको आरोप लगाएका छन् ।

आइतबार बिहान जनकपुरधाम विमानस्थलमा कुरा गर्दै उनले यस्तो आरोप लगाएका हुन् । उनले भने, 'म गृहमन्त्री हुँदा सरकारसँग निर्णय गराएर प्रदेश मातहत ल्याउनुपर्ने गरी प्रक्रिया अगाडि बढाएको थिएँ र सो क्रममा जिल्ला प्रशासन कार्यालय धनुषाको मातहत चुरोट कारखानालाई ल्याइएको छ ।' सरकारले पुनःजनकपुर चुरोट कारखानालाई निजीकरण गरिरहेको कुरा आफूले दुई-तीन दिनदेखि सुन्दै आएको जानकारी दिँदै उनले भने, 'यो आपत्तिजनक कार्यमात्र होइन यो संघीय विरोधी कदम पनि हो ।'

संघीय उद्योगमन्त्रीसँग आफूले यसबारे छलफल गरेको चर्चा गर्दै नेता निधिले भने, 'उद्योगमन्त्रीले आफूलाई कारखाना निजीकरण होइन लाइसेन्स नवीकरण गर्नमात्र लागिएको बताउनुभएको छ ।' जनकपुर चुरोट कारखानालाई आफू गृहमन्त्री भएकै बेला निर्णय गराएर मधेस प्रदेशको मातहत ल्याइसकेको बताउँदै नेता निधिले यदि सरकारले यस्तो निर्णय गरेमा विरोध गर्ने चेतावनी दिए । उनले मधेस प्रदेश भवन नै नरहनेगरी षड्यन्त्रको गन्ध आफूले पाएकाले यसका लागि सबै सतर्क रहन आग्रहसमेत गरे ।

# नेप्सेमा गिरावटन जारी, ९.१९ अंकले घट्यो

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजारमा गिरावट आएको छ । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक ९.१९ अंकले ओरालो लागेको हो । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ओरालो लागेर दुई हजार ६१६.९५ बिन्दुमा सीमित भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ४.४५ अंकले ओरालो लागेर ४६९.८० मा सीमित भएको छ । कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको सेयर मूल्य उकालो लाग्दा आठ उपसमूहको भने सेयर मूल्यमा गिरावट भएको छ ।

कूल एक करोड ११ लाख ३४ हजार १७८ कित्ता सेयर चार अर्ब ७३ करोड २४ लाख ८७ हजार रूपैयाँ मूल्यमा कारोबार भएको छ । नेप्सेका अनुसार लाइफ इन्स्योरेन्स, रिभर फल्स पावर, माई खोला हाइड्रोपावरको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । समृद्धि फाइनान्स ९.९९ र कालिञ्चोक दर्शनका लगानीकर्ताले ९.७७ प्रतिशतले कमाएका छन् । त्यस्तै, नेपाल एसबिआई बैंक ६.७९, प्राइम बैंक ४.१७, रावा इनर्जी ४.०३, आइसिएफसी फाइनान्स ३.८३ र ज्योति विकास बैंकको ऋणपत्रका लगानीकर्ताले ३.६७ प्रतिशतले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ